का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ साउन २०८२,
बिहीबार
17 July, 2025
Thursday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सत्तालाई उपेन्द्रको धक्का



प्रतिनिधि सभामा दुई तिहाइ बहुमत कायम रहेता पनि उपेन्द्र यादव नेतृत्वको पार्टीले समर्थन फिर्ता लिएसँगै सरकार राष्ट्रिय सभामा अल्पमतमा परेको छ ।

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, ३२ असार ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै सरकारलाई धक्का लागेको छ । नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार प्रतिनिधि सभामा दुई तिहाइ बहुमतमै छ । तर जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै सरकारलाई राष्ट्रिय सभामा असहज हुने वातावरण बनेको छ ।

५९ सदस्यीय राष्ट्रिय सभामा माओवादी केन्द्र सबैभन्दा ठूलो दल छ । माओवादी केन्द्रका १७ जना सांसद छन् । दोस्रो दल कांग्रेसका १६ जना सांसद छन् । तेस्रो दल एमालेका १० जना छन् ।

नेकपा एकीकृत समाजवादीका ८ जना, जसपा नेपालका ३ जना, लोकतान्त्रिक समाजवादीका १ जना, राष्ट्रिय जनमोर्चाका १ जना र मनोनीत ३ जना रहेका छन् । ३ जना >>> पृष्ठ २ मा

## सरकारमाथि ४ गम्भीर आरोप

- **बिचौलियाहरूको चलखेल नियन्त्रण गर्न नसक्नु**
- **असन्तुलित बजेट ल्याउनु**
- **संविधान संशोधनको पहल नलिनु**
- **किसानलाई सहुलियत नदिनु**

सरकार छाड्दै गर्दा जसपा नेपालले विभिन्न आरोप सरकारमाथि लगाएको छ । जसमा गम्भीर आरोपहरु रहेका छन् ।

नेताहरूका अनुसार सरकारले भ्रष्टाचार, अनियमितता, दण्डहीनता, कमिशनतन्त्र र बिचौलियाहरूको चलखेल नियन्त्रण गर्न नसक्दा नेपाल उँधो गतिमा छ । जनतालाई सुशासनको प्रत्याभूति गराउन नसकेपछि सरकारमा रहनुको औचित्य नरहेको जसपा नेपालको तर्क >>> पृष्ठ २ मा

# कांग्रेसमा कारबाही फिर्ताको दबाब

कारबाहीले नेता-कार्यकर्तामा असन्तुष्टि बढेको भनेर कांग्रेसका पदाधिकारीहरूमाथि दबाब बढेको छ । पदाधिकारीहरुले कार्यकर्ताको दबाब सभापति शेरबहादुर देउवाकहाँ पुऱ्याएका छन् । तर संस्थापन पक्षधर नेताहरु अनुशासनहीन कार्य गरे कारबाही हुन्छ भन्ने सन्देश दिन आवश्यक रहेको तर्कमा दृढ देखिन्छन् ।



पार्टीमा अनुसाशनको डण्डा चलाउनुपर्छ, तर विधिसम्मत चलाउनुपर्छ । हामीले पार्टीको विधान विपरीत गएर कुनै नेताको नजरमा ठिक वा बेठिक भनेर कारबाही गरिनु पार्टी हित विपरीत हो ।

**हृदयराम थानी**
**नेता, नेपाली कांग्रेस**



पार्टीभित्र देखिएको अनुशासनहीन कार्यलाई रोक्न र आगामी दिनमा कम्तीमा कारबाही हुन्छ भन्ने चेतनाका लागि यो चुनौतीपूर्ण काम गर्नुपरेको हो ।

**आनन्दप्रसाद ढुंगाना**
**संयोजक, अनुशासन समिति**

**जीवन शर्मा मध्याह्न**
काठमाडौं, ३२ असार ।

संसद्को पहिलो लोकतान्त्रिक दल नेपाली कांग्रेसलाई निर्वाचनताका हुने घात अन्तर्घातको समस्याले सधैंजसो गाँजेको छ । आम निर्वाचनमा एकले अर्को गुटलाई असहयोग गर्ने र आफ्नै दलका उम्मेदवारलाई हराउन लाग्ने कांग्रेसको परम्परा हो । यो अभ्यास गत स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पनि देखा परेको थियो । माओवादी केन्द्रसँग चुनावी गठबन्धन गरेको कांग्रेसले सबै निर्वाचन क्षेत्रमा आफ्नै उम्मेदवार दिन सकेको थिएन ।

कतिपय चुनाव जित्ने निर्वाचन क्षेत्रमा पनि आफ्नो दलको उम्मेदवार नभएपछि पार्टीभित्र अन्तर्घात र पार्टीले समर्थन गरेका अर्को दलका उम्मेदवारलाई खुलेर सहयोग नगरेको अभियोगमा कांग्रेसले ३ वर्षपछि आएर कारबाही गरेको छ । यो विषय पार्टीभित्र यतिबेला सबैभन्दा पेचिलो बनेको छ ।

कांग्रेसको अनुशासन समितिले पार्टीका प्रदेश महामन्त्री, जिल्ला सभापति, महासमिति सदस्यलगायत १८ जनालाई कारबाही गरेको थियो । नेपाली कांग्रेसको अनुशासन समितिको असार ९ देखि १७ गतेसम्म बसेको बैठकले गण्डकीका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनीका महामन्त्री विक्रम खनाल र खोटाङ जिल्ला सभापति विष्णुकुमार राईलाई एक वर्षका लागि निष्कासन गर्ने निर्णय गरेको थियो । यही विषयमा अहिले ठूलो मुद्दा बनेको छ । ३ वर्षअघि अर्थात् २०७९ >>> पृष्ठ २ मा

# ३० उद्योगीलाई सीआईपी सम्मान

**छवि सापकोटा/मध्याह्न**
काठमाडौं, ३२ असार ।

देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएका ३० जना उद्योगी व्यवसायीलाई सरकारले महत्वपूर्ण व्यावसायिक व्यक्ति (सीआईपी) सम्मान गरेको छ ।

उद्योग मन्त्री दामोदर भण्डारीले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने व्यक्ति तथा संस्थालाई एक कार्यक्रमका बीच सीआइपी सम्मान गरेका हुन् । सीआईपी सम्मान प्राप्त गर्नेमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल रहेका छन् । यी तीन संस्थाले निर्यात व्यापारका साथै वाणिज्य क्षेत्रमा प्रवर्द्धनात्मक कार्य गरी आर्थिक विकासमा योगदान गरेको भन्दै सरकारले सम्मान गरेको हो ।

यस्तै, नेपाल हस्तकला महासंघ र निर्यात व्यवसायी महासंघदेखि सबै भन्दा धेरै वस्तु निर्यात गर्ने संस्था मध्ये नेपाल छुर्पी व्यवसायी संघ, नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघ, >>> पृष्ठ २ मा




## सम्मानितले सुविधा पाउने

सम्मान प्राप्त गर्ने व्यवसायीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिआइपीको दर्जा पाउँछन् भने सरकारी तथा निजी क्षेत्रले आयोजना गर्ने उद्योग तथा वाणिज्य क्षेत्रका समारोह तथा कार्यक्रमहरूमा प्राथमिकताका साथ आमन्त्रण समेत गरिन्छ । यस्तै विदेशमा आयोजना हुने व्यापारिक तथा औद्योगिक मेला तथा प्रदर्शनीको सहभागीतामा प्रतिनिधित्व गर्न पाउनेछन् ।

सीआईपी प्राप्त गर्नेहरुमा २१ व्यावसायिक फर्म तथा कम्पनी रहेका छन् भने निजी क्षेत्रका प्रतिनिधिमूलक ९ संस्थालाई मानार्थ सीआईपी सम्मान गरिएको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सयको अवरोधले २ सय म्यानपावरको कारोबार अनिर्णित

**मध्याह्न संवाददाता**
काठमाडौं, ३२ असार ।

संघीय संसद्का दुवै सदनबाट पारित केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक असार मसान्तसम्म राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिन नसकेका दुई सय बढी म्यानपावर कम्पनीको कारोबार रोकिने भएको छ ।

वैदेशिक रोजगार विभागका निर्देशक टिकाराम ढकालले मंगलबार साँझसम्म सय संख्या नपुऱ्याउने म्यानपावर कम्पनीको संख्या एकिन नभएको भएपनि त्यस्तो संख्या दुई सयभन्दा बढी रहेको आंकलन विभागले गरेको बताए ।

उनले भने, 'सय जनाको संख्या नपुगेको म्यानपावर कम्पनीका बारेमा महानिर्देशकज्यूबाट कुनै आदेश नआएको अवस्थामा बुधबारदेखि उनीहरूको एलटी रोकिने छ । संयीय संसदले पारित गरेको विषय राजपत्रमा प्रकाशित नभएसम्म कार्यान्वयनमा आउँदैन ।'

राष्ट्रिय सभाले सन्देशसहित पठाएको केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकलाई प्रतिनिधि सभाले आइतबार सर्वसम्मतिले पारित गरेको थियो । वैदेशिक रोजगार ऐनअनुसार म्यानपावर कम्पनीले तीन वर्षका लागि एकै पटक इजाजतपत्र नवीकरण गर्न पाउने व्यवस्था छ । अघिल्लो आर्थिक वर्ष >>> पृष्ठ २ मा

## संघ कार्यसमितिमा ४ व्यवसायी मनोनीत



**काठमाडौ/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले संघको कार्यसमितिमा ४ जना सदस्य मनोनीत गरेका छन् ।

अध्यक्ष गुरुङले अल जाफर इन्टरनेशनल प्रा.लि.का सञ्चालक मोहमद जवारद्दिन मियाँ, भर्षा मेनपावर प्रा.लि.का सञ्चालक रविन मेगाले मगर, >>> पृष्ठ २ मा

## यूएईमा रहेका १२० नेपालीले पाए आममाफी

**काठमाडौं/मस–** संयुक्त अरब इमिरेट्स (यूएई)को जेलमा रहेका १२० जना नेपालीले आममाफी पाएका छन् । विभिन्न आरोप र मुद्दामा जेलमा रहेका १२० जना नेपालीलाई यूएईले आममाफी दिएको हो । यूएईस्थित नेपाली राजदूतावासले विज्ञप्ति जारी गर्दै इस्लाम धर्मालम्बीहरुको >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१ साउन २०८२ बिहीबार
17 July 2025, Thursday

# साउन १६ लाई राष्ट्रिय कोदो दिवसका रूपमा मनाइने

**काठमाडौं/मस-** सरकारले प्रत्येक वर्षको साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने भएको छ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले यही असार २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै आगामी साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने जानकारी दिए।

उनका अनुसार सरकारले यही असार ३० गतेदेखि आगामी साउन ८ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, नेपाल चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको अवसरमा आगामी साउन ६ गतेदेखि १२ गतेसम्म गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई चीन भ्रमणको लागि स्वीकृति प्रदान गर्ने, नेपाल राष्ट्र बैंकबाट रु एक हजार दरको नयाँ बैंक नोट प्रकाशनको लागि बैंक नोटको चित्र र आकार स्वीकृत गर्ने सरकारको निर्णय छ।

त्यस्तै, विश्व बैंकबाट विद्यालय क्षेत्र सुधार कार्यक्रमको लागि प्राप्त हुने थप १० दशमलव आठ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता प्राप्त गर्ने, आर्थिक वर्ष २०८१/८२ का लागि उखु उत्पादक कृषकलाई प्रदान गर्ने अनुदान रकम प्रतिक्विन्टल रु तीन हजार ५०० कायम गर्ने, नेपाली सेनाका ३७ जना महासेनानीहरूको सरुवा गर्ने, रेसुङ्गा नगरपालिका गुल्मीलाई जिपलाइन र स्काई साइक्लिङ निर्माणको लागि गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका-८ मा रहेको




राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने, आगामी साउन ९ गतेदेखि १४ गतेसम्म नर्वेमा आयोजना हुने नर्भे टु स्ट्रेन्थन कोअपरेसन कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्रीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए।

रेस्टोरिडा रिफ्रेश सेन्टर प्रालिलाई पर्यापर्यटन व्यवसाय गर्ने कार्यको लागि सुनकोशी गाउँपालिका-६ सिन्धुलीमा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा र धार्चे कृषि जडीबुटी उत्पादन तथा प्रशोधन फार्मलाई वन पैदावरमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने कार्यको लागि धार्चे गाउँपालिका-४ लाप्राक, गोरखामा रहेको हैसियत बिग्रेको राष्ट्रिय वनको जग्गा कबुलियती वनको रूपमा उपलब्ध गराउन स्वीकृति दिने, शिक्षा, विज्ञान तथा प्रविधि आगामी साउन ५ गतेदेखि १६ गतेसम्म चीनमा आयोजना हुने रिजनल वर्कसप अनक्लियर सेक्युरिटी रेस्पोन्स क्यापाविलिटी डेभलपमेन्ट फर बार्डरर्स एण्ड पोर्टस् कार्यक्रममा सचिव (विज्ञान तथा प्रविधि) लाई सहभागी हुन स्वीकृति दिने, नेपाल र जापान सरकारबीच सन् २०१९ मार्च २० मा हस्ताक्षर भएको जापानमा निश्चित सीपयुक्त कामदार पठाउने विषयको समझदारीपत्रको अवधि १९ मार्च २०२४ देखि थप पाँच वर्षका लागि नवीकरण गर्न स्वीकृति दिने निर्णय रहेको सरकारका प्रवक्ता गुरुङले उल्लेख गरे।

उनका अनुसार जल तथा ऊर्जा आयोगको सचिवालय र अन्तर्गतका कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, 'क्यासिनो नियमावली, २०८२' स्वीकृत गर्ने, 'राष्ट्रिय जनसंख्या नीति, २०८२' स्वीकृत गर्ने, नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा नायब महालेखा परीक्षक नारायण एमसीलाई बढुवा गर्ने सरकारको निर्णय रहेको छ।

पत्रकार सम्मेलनमा मन्त्री गुरुङले मन्त्रिपरिषद् बैठकको असार ३० गतेको निर्णयसमेत सार्वजनिक गरिएको बताए। आगामी साउन ११ गतेदेखि १३ गतेसम्म इथियोपियामा आयोजना हुने सेकेन्ड युएन फुड सिस्टम्स् समिट स्टक टेक (युएनएफएसएस प्लस फोर) कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा.जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको उनले जानकारी दिए।

नेपाली सेनातर्फ एक जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने, एक जना महासेनानीलाई सहायक सेनानी दर्जामा बढुवा गर्ने र १९ जना सहायक सेनानीको सरुवा गर्ने, ग्रामीण सडक सञ्जाल सुधार आयोजनालाई नवलपरासी (बर्दघाट-सूस्ता पूर्व) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिकामा रहेको आलोक चक्रपथअन्तर्गत गिरुवारी-भ्यालबास-डण्डा-चौराहा-पनौती-वसन्तपुर सडकखण्ड स्तरोन्नतिका लागि राष्ट्रिय वनको तीन दशमलव ९९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, कोशी गाउँपालिका, सुनसरीको केन्द्र वडा नं १ लौकहीबाट परिवर्तन गरी वडा नं ३ बद्रीपुल कायम गर्ने, कालिगण्डकी गाउँपालिका, स्याङ्जाको केन्द्र वडा नं ४ कट्टीबाट परिवर्तन गरी वडा नं ४ गहलाम कायम गर्ने सरकारको निर्णय रहेका सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले जानकारी दिए। आगामी साउन १० गतेदेखि १२ गतेसम्म चीनको संघाईमा आयोजना हुने 'वर्ल्ड आर्टिफिल इन्टेलिजेन्स कन्फ्रेन्स-२०२५' मा सहभागी हुन सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङलाई स्वीकृति प्रदान गर्ने, साउन ८ र ९ गते चीनको बेइजिङमा आयोजना हुने 'ग्लोबल हेल्थ फोरम (जिएचएफ)-२०२५' सम्मेलनमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेका मन्त्री गुरुङले बताए।

## भूमिसम्बन्धी विधेयक चाँडै अनुमोदन हुन्छ : सभामुख

**झापा/मस-** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद्मा विचाराधीन भूमिसम्बन्धी विधेयक चाँडै अनुमोदन हुने विश्वास व्यक्त गरेका छन्।



अर्जुनधारा नगरपालिकामा अव्यवस्थित बसोवासीहरूलाई धनीपूर्जा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले संसद्बाट भूमिसम्बन्धी नयाँ कानून निर्माणपछि वर्षौंदेखि थाती रहेका भूमि समस्याको समाधान हुने बताए।

उनले सयौं भूमिहीनहरूलाई जग्गाको मालिक बनाउन आवश्यक रहेको उल्लेख गर्दै विगतका आयोगले राजस्व महङ्गो भएका कारण तयारी धनीपूर्जाहरू वितरणमा समस्या भएको गुनासो आएको स्मरण गरे। वर्तमान सरकारले जग्गाको राजस्व घटाएर पाँच प्रतिशत बनाएपछि धनीपूर्जा लिन तयार हुनेहरूको संख्यामा वृद्धि भइरहेको बताए।

'धेरै सुकुम्बासीहरूले वर्षौंदेखि बसेको जग्गाको धनीपूर्जा पाएका छैनन्,' उनले भने, 'कानुन निर्माणपछि त्यस्ता समस्याको समाधान हुन्छ।' उनले वर्तमान भूमि आयोगले राम्रो काम गरिरहेको चर्चा गरे।

अर्जुनधारा नगरपालिका-११ का ९६ जना अव्यवस्थित बसोवासीलाई आज जग्गाको धनीपूर्जा वितरण गरिएको छ। सभामुख घिमिरेले अव्यवस्थित बसोबासीमध्ये १० जना ज्येष्ठ नागरिकलाई जग्गाको धनीपूर्जा वितरण गरेका थिए।

## 'डेंगु परीक्षणको शुल्क निर्धारण गर्न जरुरी'

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले डेंगु परीक्षणको शुल्क निर्धारण गर्न जरुरी रहेको बताएका छन्। बुधबार 'श्रावण डेंगु सचेतना महिना' घोषणा कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।



उनले सकेसम्म निःशुल्क परीक्षण गर्न प्रयत्न गर्ने र नसके एउटा निश्चित शुल्क निर्धारण गर्ने बताए। उनले गरिब र दुःखी मानिसलाई परीक्षणको नाममा झनै लुट्ने काम बन्द गर्न पनि चेतावनी दिए। उनले डेंगुबारे सरकारले गर्नुपर्ने जति काम गर्न नसकिरहेको पनि स्वीकार गरे। डेंगुबाट समाज नै प्रभावित बनिरहेको बताउँदै उनले डेंगु समस्या भन्दा माथि गइसकेको बताए।

मन्त्री पौडेलले भने, 'जसरी हामीले यसलाई महशुस गर्नुपर्ने हो त्यसरी हामीले महशुस गरेको स्थिति छैन। हामीले यसको जटिलता, चुनौति, समस्या जति हो, त्यसरी नै समाजलाई महसुस गराउन जरुरी छ। मलाई लागेको छैन, म सुरक्षित छु भन्नेकुरा बेकार हो। परिवारमा एक जना बिरामी भएपछि परिवारमा असहजता हुन्छ। समाजका सबै मान्छे प्रभाविता भएको स्थिति छ। वर्षेनी बढिरहेको छ। यसको परीक्षणमा पनि शुल्क तय गरिनुपर्छ। मान्छे गरिव छ, दुःख परेको छ भने उसबाट झन धुत्न खोज्ने ? यसको एउटा शुल्क निर्धारण गर्नुपर्छ। निजीलाई पनि यसको शुल्क निर्धारण गरिनुपर्छ। निःशुल्क गराउनसक्छौं भने निःशुल्क गराउन प्रयत्न गर्नुपर्छ। दूरदरामा धेरै समस्या छ। खान लगाउन समस्या छ अनि यसको जटिलता थपिएपछि कस्तो अवस्था हुन्छ।' मन्त्री पौडेलले सञ्चारमाध्यमसँग सहकार्य गरेर प्रचारप्रसारका लागि सरकार अघि बढ्ने तयारी गरिरहेको बताए।

**सत्तालाई...**

मनोनीत सांसदमध्ये नारायण दाहाल माओवादी केन्द्र निकट हुन्। दाहाल राष्ट्रिय सभाको अध्यक्ष छन्। अर्का मनोनीत सांसद अन्जान शाक्य नेकपा एमाले र वामदेव गौतम नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन्।

संसदीय अंकगणितका दृष्टिमा सरकार जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै राष्ट्रिय सभामा अल्पमतमा परेको हो। विपक्षीमा रहेका दलहरू माओवादी केन्द्र १७ र मनोनीत दाहालसहित १८, नेकपा एकीकृत समाजवादी ८ र मनोनीत गौतमसहित ९, जसपा नेपालका ३, जनमोर्चाका १ जना जोड्दा ३१ जना पुग्छ।

बाँकी २८ जना सांसदहरू सत्तापक्षमा छन्। जसमा कांग्रेसका १६, एमालेका १० र मनोनीत सांसद शाक्यसहित ११ र लोसपाका १ जना रहेका छन्। यो सरकारलाई कुनै पनि विधेयक अगाडि बढाउन आवश्यक संख्या समेत नपुग्ने संसदीय अंकगणित हो।

प्रतिनिधि सभामा भने सरकारलाई कुनै अप्ठ्यारो छैन। कांग्रेसका ८८ र एमालेका ७९ जोड्दा मात्रै पनि १६७ पुग्छ। यो झन्डै दुई तिहाइ बहुमतको नजिक हो। सरकारमा अन्य दलहरू पनि छन्।

गत वर्ष प्रतिनिधि सभामा एमाले अध्यक्ष केपी शर्मा ओलीले विश्वासको मत लिँदा ७ दलले साथ दिएका थिए। ओलीलाई दलीय हिसाबमा कांग्रेस र एमालेको १६७ सहित जसपाको ७, जनमत पार्टीको ६, जसपा नेपालको ५, लोसपाको ४, नाउपाको ४ र स्वतन्त्र एक गरी १९४ मत थियो। तर प्रक्रियामा भाग लिएर १८८ जनाले प्रधानमन्त्री ओलीलाई मत दिएका थिए।

यसमध्ये नाउपा र जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिँदा सरकारलाई समर्थन गर्ने दलको संख्या १९४ बाट ८ घटेर १८५ मा झर्छ। यो २७५ सदस्यीय प्रतिनिधि सभामा दुई तिहाइ बहुमत हो।

प्रतिनिधि सभामा दुई तिहाइ बहुमत कायम रहेता पनि उपेन्द्र यादव नेतृत्वको पार्टीले समर्थन फिर्ता लिएपछि सरकार राष्ट्रिय सभामा अल्पमतमा परेको छ। योसँगै सरकारलाई राष्ट्रिय सभाबाट कुनै पनि विजेनश अगाडि बढाउन विपक्षी दलको साथ अनिवार्य हुनुपर्ने अवास्था बनेको छ।

**सरकारमाथि...**

छ। मुलुकको अर्थतन्त्रलाई सुधार गरी आर्थिक विकासको गतिलाई अगाडि बढाउन नसक्नु र असन्तुलित बजेट ल्याएको भनेर जसपाले सरकारमाथि अर्को गम्भीर आरोप लगाएको छ। पूर्वाग्रहित रूपले आर्थिक वर्ष २०८२/०८३ को बजेट ल्याएको उसको टिप्पणी छ।

जसपाले संघीयता कार्यान्वन गर्न कुनै ठोस प्रयास नगर्नु अर्को कारण भनेको छ। संविधान संशोधन गर्न कुनै प्रयास नगरेको भनेर सरकारको असफलतासँग जोडेको छ। कांग्रेस र एमालेले संविधान संशोधन गर्ने बाचासहित नयाँ सरकार बनाएका थिए।

यसका साथै जसपाले कृषि, उद्योग, पर्यटन र जलस्रोतको विकास गरी गरिबी, बेरोजगारी जस्ता समस्याहरूलाई हल गर्न नसकेको, कृषि विकास गर्न किसानहरूलाई कृषि बजार, सिंचाइ, मलखाद, बिउ विजन र किटनाशक औषधिका साथै सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन नसकेको आरोप सरकारमाथि लगाएको छ।

जसपाले बेरोजगारी समस्या हल गर्न रोजगारीका अवसरहरू सिर्जना गर्न नसकेको भनेको छ। स्वच्छ खानेपानी, शिक्षा, स्वास्थ्य आदि सेवाका क्षेत्रमा गुणात्मक सुधार गरी जनतामा सेवा प्रवाह गर्न नसकेको, समानतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्न मधेशी, आदिवासि जनजाति, दलित, महिला, पिछडावर्ग, थारु, अल्पसंख्यकलगायत उत्पीडित समुदायहरूको राष्ट्रिय समस्याहरूलाई हल गर्न नसकेको अर्को कारण दिएको छ।

सरकारले मधेश, थरुहट, किरात-लिम्बूवानलगायतका आन्दोलनहरूका क्रममा झुटा मुद्दा लगाएर बन्दी बनाएको र रिहाइ नगरेको जसपाले भनेको छ। यी कारण देखाउँदै जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको हो।

**कांग्रेसमा...**

सालमा भएको निर्वाचनमा अन्तर्घात गरेको आरोपमा नेपाली अनुशासन समितिले अवैधानिकरुपमा १८ जना नेतालाई कारबाही गरेपछि पार्टीभित्र विवाद चुलिएको नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रतिमा गौतमले बताइन्। कारबाही पर्नेमा वरिष्ठ नेता डा. शेखर कोइराला निकटका धेरै छन्। अनुशासन समितिले कारबाही गरेको भोलिपल्टै नेता कोइराला समूहले यसलाई अस्वीकार गर्ने निर्णय गरेको थियो। यसले विवादलाई अझै बढावा दिएको छ।

अनुशासन समितिले कास्कीका पूर्वसभापति कृष्ण केसीलाई ३ महिनाका लागि निष्कासन गरेको छ। समितिले एक वर्ष, छ महिना र तीन महिनाको समय अवधि छुट्याएर १८ जना नेता-कार्यकर्तालाई कारबाहीको डण्डा चलाएको हो।

कांग्रेस नियमावलीको नियम २८ मा उजुरी परेको ६ महिनाभित्र त्यसलाई टुंगो लगाउनुपर्ने भनिएको छ। तर तीन वर्षअघि अन्तर्घात गरेको भन्दै परेको उजुरीलाई लिएर अहिले कारबाही गरिएको हो। कोइराला समूहले अनुशासन समितिको कारबाही विधिसम्मत नभएको निष्कर्ष निकालेको नेता हृदयराम थानीले बताए। उनले मध्यान्हसँग भने, 'पार्टीमा अनुसाशनको डण्डा चलाउनुपर्छ, तर विधिसम्मत चलाउनुपर्छ। हामीले पार्टीको विधान विपरीत गएर कुनै नेताको नजरमा ठिक वा बेठिक भनेर कारबाही गरिनु पार्टी हित विपरीत हो।'

कारबाही पनि समूहगत आराधलाई मानेर गरिएको उनको जिकिर छ। पार्टीभित्रको यस्तो प्रवृत्तिले कांग्रेसलाई आगामी निर्वाचनमा थप असर पर्ने भएकाले केन्द्रीय समिति तथा पदाधिकारीले यो विषयमा पुर्नविचार गर्नुपर्ने नेता थानीले बताए।

देशभरका कम्तीमा ५० जिल्लाबाट आएका २१ सय उजुरीको छानबिन गर्न समय लागेकाले कारबाहीको निर्णय ढिला भएको समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले जिकिर गरे। ५ जनाको समितिमा २ जनाले फरक मत राख्दा ३ जनाको बहुमतले कारबाहीको निर्णय लिएको छ।

'अनुशासन समितिले बहुमतका आधारमा १८ जनालाई कारबाही गरेका हौं', समिति संयोजक ढुंगानाले भने, 'विधानको व्यवस्थाबमोजिम नै कारबाही गरिएको छ। हामीलाई देशभरका ५० जिल्लाबाट आएको करिब २१ सय उजुरी केलाउँदा केही समय लागेको हो। पार्टीभित्र देखिएको अनुशासनहीन कार्यलाई रोक्न र आगामी दिनमा कम्तीमा कारबाही हुन्छ भन्ने चेतनाका लागि पनि यो चुनौतीपूर्ण काम गर्नुपरेको हो।'

समितिका ५ सदस्यमा सभापति शेरबहादुर देउवा निकट तीन जना छन् भने कोइराला समूहका सञ्जय गौतम र राजीव कोइरालाले निर्णयप्रति फरक मत राखेका हुन्। उनीहरूले कारबाहीका नाममा विधानविपरीत र प्रक्रिया नै पूरा नगरी कठोर निर्णय गर्दा पार्टीमा झन ठूलो समस्या आउने भन्दै नोट अफ डिसेन्ट लेखेको बताउँछन्।

गत निर्वाचनमा कांग्रेस र आफ्नो दलले समर्थन गरेका उम्मेदवारलाई हराउन भूमिका खेलेको भन्दै परेको उजुरीपछि सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण सोधिएको र चित्तबुझ्दो जवाफ प्राप्त नभएका कारण समितिले कारबाही गरेको नेताहरुले बताएका छन्। अहिले कारबाहीमा परेका नेताहरुले भने प्रतिस्पर्धी समूहलाई किनारा लगाउने उद्देश्यले आफूहरुमाथि प्रतिशोध साँधिएको आरोप लगाएका छन्। उनीहरूले अनुशासनको नाममा छानीछानी कारबाहीको डण्डा चलाइएकाले अब देशव्यापी विचारको बहस छेड्ने चेतावनी दिएका छन्।

अनुशासनको कारबाहीले नेपाली कांग्रेसभित्रको गुटबन्दीलाई थप बल पुगेको छ। गुट-उपगुट झाँगिँदै गएको कांग्रेसमा अहिलेको यो घटनाले कार्यकर्तामा प्रतिशोधी भावना बढेको छ भने आगामी निर्वाचनमा अहिले कारबाही गर्ने पक्षका उम्मेदवारलाई हराउन भूमिका खेल्ने सम्भावना रहन्छ। यसले पार्टीको आगामी महाधिवेशन र २०८४ सालमा हुने चुनावको तयारीलाई पनि असर पर्ने चिन्ता कतिपयमा छ। कतिपय कारबाहीमा परेको पक्षका जिल्ला नेताहरुले संस्थापन नेतामाथि जिल्लास्तरबाटै कारबाहीकै प्रतिउत्तर समेत फर्काइसकेका छन्।

**३० उद्योगीलाई...**

नेपाल तयारी पोशाक उद्योग संघ र नेपाल ऊनी फेल्ट उत्पादक तथा निर्यात संघका अध्यक्षलाई सम्मान गरिएको छ। निर्यात गर्ने संघबाट तेस्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा कुल पाँच अर्ब भन्दा बढीको उत्पादन निर्यात गरेका थिए।

तेस्रो मुलुकतर्फ सबैभन्दा बढी वस्तु निकासी गर्ने अग्रस्थानका पाँच व्यवसायीलाई समेत सीआईपी सम्मान गरिएको छ। ऊनी गलैँचातर्फ, थर्ड आई इन्टरनेशनल, तयारी पोशाकतर्फ, नेपाल फेशन प्रा.लि., ऊनी फेल्टका सामानतर्फ नेशनल एक्सपोटर्स प्रा.लि., छुर्पीतर्फ मनराम हिमालयन हेण्डिक्राफ्ट प्रा.लि. र पश्मिना वस्तुतर्फ ट्राइकोट इण्डष्ट्रिज रहेका छन्। यस्तै भारततर्फ धेरै रकमको निकासी गर्ने डाबर नेपाल, आरती स्ट्रीप्स र रिलायन्स स्पिनिङ मिल्सलाई र चीनतर्फ धेरै निकासी गर्ने छोमेन ट्रेडर्स, फिन्जो सोनाम इन्टरप्राइजेज र अष्ठमंगललाई सम्मान गरिएको हो।

यस्तै, नेपालको मौलिक सिप, कला र संस्कृति झल्किने हस्तकला निर्यात गर्ने, गिफ्ट ल्याण्ड इन्टरप्राइजेज, कृषिजन्य वस्तु निर्यात गर्ने नेपाल एभरेष्ट कार्डमम प्रोडक्सन र जडिबुटी निर्यात गर्ने एबी हर्बल ट्रेडर्स एण्ड सप्लायर्स सम्मानित भएका छन्।

तेस्रो मुलुकतर्फ गत दुई आर्थिक वर्षमा एक अर्ब भन्दा बढीको वस्तु निकासी गर्ने द सांग्रिला कार्पेट एण्ड ह्याण्डिक्राफ्ट, एभरेष्ट फेसन र त्रिवेणी स्पिनिङ मिल्स लिमिटेड र स्टार्टअपतर्फ माइण्डफुल क्राफ्टका प्रतिनिधीलाई सीआईपी सम्मान गरिएको हो।

यसैगरी बैंकिङ प्रणालीमार्फत् विप्रेषणको कारोबार गरी सबैभन्दा बढी वैदेशिक मुद्रा भित्र्याउने कम्पनीमा आइएमई र पर्यटन क्षेत्रमा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल उद्योगी तथा व्यवसायीमा एभरेष्ट हस्पिटालिटी होटललाई सम्मान गरिएको छ।

**सम्मानितले...**

हो। प्रत्येक दुई वर्षमा प्रदान गरिने प्रतिष्ठित सम्मान २०७६ माघपछि हुन सकेको थिएन।

उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले सिआइपी सम्मानले उद्योगी व्यवसायीहरूको मनोबल उच्च राख्दै निर्यात प्रवर्द्धनमा थप प्रभावकारी भूमिका खेल्ने बताए। उनले निजी क्षेत्रको मनोबल उच्च नभएसम्म आर्थिक विकास र समृद्धि सम्भव नभएको भन्दै निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको निर्यात वार्षिक करिब १० खर्ब पुऱ्याउन सकिने बताए। सीआइपी सम्मानले व्यवसायीलाई सम्मानित भएर व्यवसाय गर्न प्रोत्साहन गर्ने उल्लेख गर्दै अध्यक्ष ढकालले नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका धेरै रहेको बताए।

**जसले पाए सम्मान**

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल
नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल
नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल
नेपाल हस्तकला महासंघका अध्यक्ष रविन्द्र शाक्य
निर्यात व्यवसायी महासंघ नेपाल अध्यक्ष गोविन्दप्रसाद घिमिरे
आईएमईका अध्यक्ष हेमराज ढकाल
त्रिवेणी स्पिनिङ मिल्सका अध्यक्ष रामचन्द्र संघाई
नेपाल छुर्पी व्यवसायी संघ झापाका अध्यक्ष रेशमबहादुर पोखरेल
नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघ अध्यक्ष बलराम गुरुङ
नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डे
नेपाल ऊनी फेल्ट उत्पादक तथा निर्यातक संघ अध्यक्ष नरेशलाल श्रेष्ठ
ऊनी गलैंचातर्फ : थर्ड आई इन्टरनेशनल प्रोपाइटर छेवाङ डण्डुल लामा
तयारी पोशाकतर्फ नेपाल फेशन प्रा.लि.का प्रवन्ध निर्देशक हरिप्रसाद भट्ट
ऊनी फेल्टका सामानहरूतर्फः नेशनल एक्सपोर्टस् प्रा.लि. सञ्चालक चन्द्रबहादुर थापा
छुर्पीतर्फः मनराम हिमालयन हेण्डीकाफ्टका प्रवन्ध निर्देशक सुरजकुमार श्रेष्ठ
पश्मिना वस्तुतर्फः ट्राईकोट इण्डष्ट्रीज प्रा. लिका प्रवन्ध निर्देशक शक्तिकुमार गोल्याण
डाबर नेपालका व्यापार प्रमुख हरकिरत सिंह वेदी
आरती स्ट्राईप्सका दिब्यराज सापकोटा
रिलायन्स स्पिनिङ मिल्स प्रवन्ध निर्देशक अक्षण गोल्याण
छोमेन ट्रेडर्सका प्रोपाइटर पासाङ शेर्पा
फिन्जो सोनाम इन्टरप्राइजेजका कर्मा छोडुप गुरुङ
अष्ठमंगल प्रोपाइटरका उर्गेन लामा
गिफ्टल्याण्ड इन्टरप्राइजेज पद्मरत्न धाख्वा
कृषि क्षेत्रतर्फः श्री नेपाल एभरेष्ट कार्डामम प्रडक्सनका अध्यक्ष ओमकृष्ण विमली
जडीबुटीतर्फ ए. बी. हर्बल ट्रेडर्स एण्ड सप्लायर्सका प्रोप्राईटर जनकराज अवस्थी
जनकपुर रिफाइनरिजका सञ्चालक रईसा टिवडेवाल
द साँग्रिला कार्पेट एण्ड ह्याण्डीक्राफ्ट ईण्डस्ट्रिजका अध्यक्ष दोर्जे ग्याल्छेन लामा
एभरेष्ट फेसनका प्रमुख कार्यकारी अधिकृत महेश्वर श्रेष्ठ
माइण्डफुल काफ्ट प्रा. लि.का प्रवन्ध निर्देशक कुबेर सापकोटा
एभरेष्ट हस्पिटालिटी होटलका प्रवन्ध सञ्चालक गौरव अग्रवाल

**सयको...**

नवीकरण भएका म्यानपावर कम्पनीले सय संख्या नपुऱ्याएको भएपनि साउन मसान्तसम्ममा विवरण पठाए उनीहरूको कारोबार रोकिने छैन।

यस वर्ष २०९ वटा म्यानपावर कम्पनीले नवीकरणका लागि निवेदन दिएका छन्। तत्कालीन आर्थिक वर्ष सय जना कामदार पठाएका अन्य कतिपय म्यानपावर कम्पनीले अघिल्ला आर्थिक वर्षमा नै तीन वा दुई वर्षका लागि नवीकरण गराएका छन्।

यता नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार ऐनबाट संख्या सय खारेज गर्ने विधेयक यथाशक्य छिटो प्रमाणीकरणका लागि आफ्नो प्रयास जारी रहेको बताएको छ। यसअघि सभामुख देवराज घिमिरे र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई भेटेर आग्रह गरेको संघले मंगलबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई भेटेर पनि सो विषयमा ध्यानाकर्षण गराएको छ।

सभामुखले प्रमाणीकरण गर्नुअघि कानुन मन्त्रालयको राय लिने प्रचलनका कारण संघीय संसद्ले पारित गरेको विधेयक कानुन मन्त्रालयमा पुगेको छ। मन्त्री चौरसियाले विधेयकका बारेमा पुऱ्याउनुपर्ने प्रक्रिया पुऱ्याएर संसद् पठाइएको जानकारी दिएका छन्।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सिता गुरुङको नेतृत्वमा संघका अध्यक्ष भुवनसिंह गुरुङ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी ऐसोसिएसनका अध्यक्ष दीपक थापा कानुन मन्त्रालय पुगेका थिए।

**संघ...**

रेडियन्ट ओभरसिज प्रा.लि.का सञ्चालक शिवकुमार कार्की र रोज ह्युमन रिसोर्सेस प्रा.लि.की सञ्चालिका सविताकुमारी सिंहलाई मनोनीत गरेका हुन्।

मनोनयनमा महिला, मधेश, जनजाति, मुस्लिम, खस आर्य सबैलाई समेटिएको अध्यक्ष गुरुङले बताए। संघको २१ सदस्यीय कार्यसमितिमा अध्यक्षसहित ७ पदाधिकारी र १० सदस्यको प्रत्यक्ष निर्वाचन हुने गरेको छ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले चुनावी सहमति विपरीत भएको भन्दै एकलौटी मनोनयनमा आपत्ति जनाएका छन्। मञ्चका महासचिव तथा संघका सचिव कुन्छादोर्जे दिमदोङले अध्यक्ष गुरुङले चुनावअघिको सहमति बिर्सेर निर्णय गरेको भन्दै भेटेर छलफल गर्ने बताएका छन्।

**यूएईमा...**

पर्व ईद अल-अदाहका अवसरमा १२० जना नेपालीको बाँकी सजाय मिनाहा गरिदिएको जानकारी दिएको हो। तर उनीहरू के कस्ता मुद्दामा जेलमा थिए भन्ने खुलाइएको छैन।

नेपाली दूतावासले गत वर्ष सार्वजनिक गरेको तथ्यांकअनुसार विभिन्न पेशा, व्यवसायको रुपमा ७ लाख बढी नेपाली यूएईमा रहेका छन्।

नवनियुक्त मन्त्री न्यौपानेद्वारा पदबहाली

# तीन महिनाभित्र सांगठनिक मापदण्ड मस्यौदा पेस गर्न निर्देशन

**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी नवनियुक्त मन्त्री भगवती न्यौपानेले बुधबार साँझ सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली गरेकी छिन् । पदबहालीका क्रममा मन्त्रालयका सचिव रविलाल पन्थसहित उच्च अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।

पदबहालीसँगै मन्त्री न्यौपानेले मन्त्रालयमा पहिलो निर्णय गर्दै संघ, प्रदेश र स्थानीय तहका संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) सर्भेक्षणलाई निश्चित मापदण्डमा आधारित तुल्याउने उद्देश्यले मस्यौदा तयार पार्न तीन महिनाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिएकी छिन् ।



यसका लागि संघीय मामिला महाशाखा प्रमुखको संयोजकत्वमा सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित समिति गठन गर्ने निर्णयसम्बन्धी फाइल मन्त्री न्यौपानेले सदर गरेकी हुन् ।

सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहमा साङ्गठनिक संरचना सुधार गर्ने तथा त्यसका लागि राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने उल्लेख छ ।

न्यौपानेले बुधबार नै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनियताको शपथ लिएकी थिइन् । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उनलाई शपथ दिलाएका थिए ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रियसभा सदस्य न्यौपानेलाई मंगलबार संघीय मामिला मन्त्रीमा नियुक्त गरेका थिए ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रीगण, सुरक्षा निकायमा प्रमुख, संवैधानिक निकाय प्रमुख, मुख्यसचिव, राजनीतिक दलका नेता तथा कार्यकर्तालगायत सरिक थिए ।

## स्वास्थ्यमन्त्री पौडेलको एक वर्ष

# नीतिगत निर्णय कार्यान्वयनमा चुनौती

**काठमाडौं/मस–** वर्तमान सरकारले एक वर्ष पूरा गरेको छ । यस अवधिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही ठोस उपलब्धि हासिल गरे तापनि कार्यान्वयनमा ढिलाइ, स्रोत अभाव र दातृ निकायको सहयोग कटौतीले चुनौती थपिएको छ ।

बजेट अघिल्लो वर्षभन्दा बढे पनि आवश्यकताअनुसार पर्याप्त छैन । स्वास्थ्य क्षेत्रमा नीतिगत निर्णय थुप्रिए पनि ती कार्यान्वयनमा भने चुनौती छन् । निर्णयहरू सार्थक ठहरिनका लागि तिनको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।

असार ३० गते काठमाडौं, नुवाकोट, रसुवा, सुनसरी, डोल्पा र कैलाली जिल्लालाई पूर्णखोप घोषणा गरिएसँगै देशका सम्पूर्ण ७७ जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा भएका छन् । एकै आर्थिक वर्षमा सम्पूर्ण जिल्लाहरूले पूर्णखोपको मान्यताप्राप्त गरेको यो पहिलो अवसर हो ।

१६देखि २३ महिनासम्मका बालबालिकाले निर्धारित उमेरभित्र सबै खोपको मात्रा पूरा गरेपछि मात्र पूर्णखोप सुनिश्चितताको घोषणा गरिन्छ । यसका अतिरिक्त, पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने एचपिभी खोपलाई आगामी वर्षदेखि नियमित खोप तालिकामा समावेश गरिने निर्णय गरिएको छ । माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालित खोप अभियानमा करिब १७ लाख किशोरी लाभान्वित भए । स्वास्थ्य मन्त्रालयले यस अवधिमा राष्ट्रिय जनसंख्या नीति पनि सार्वजनिक गरेको छ । नीतिको मुख्य उद्देश्य प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजनन दर र जनसंख्याबीच सन्तुलन कायम गर्न सुधार गर्ने रहेको छ । युवापुस्ताको सशक्तीकरण गर्दै जनसांख्यिक लाभांशको भरपुर उपयोग गर्नु, असन्तुलित आन्तरिक तथा बाह्य बसाइँसराइ, अव्यवस्थित बसोबास र गाउँ-पहाडका रित्तिँदै गएको बस्तीहरूलाई विकास र अवसरसँग जोडेर सन्तुलनमा ल्याउनु नीतिको विशेषता रहेको छ ।

स्वास्थ्य बीमा कार्यक्रममा दीर्घकालीन सुधारको प्रयास पनि गरिएको छ । कार्यान्वयनको एक दशक बितिसक्दा पनि प्रभावकारिता अभाव देखिएको यो कार्यक्रम सुधार गर्न गठित कार्यदलको प्रतिवेदन




२०८१ सार्वजनिक भएको छ । उक्त प्रतिवेदनले सुविधा थैलीलाई पाँच लाखसम्म विस्तार गर्ने, बिमालाई अनिवार्य बनाउने, बीमित नागरिकलाई सेवा प्रदायक संस्थाबाट तत्काल सुविधा पाउने व्यवस्था मिलाउने र सरकारी अस्पतालहरूको आम्दानीको एक प्रतिशत बिमा कोषमा पठाउने निर्णय पनि गरिसकिएको छ ।

यसै अवधिमा भदौ १ गतेदेखि सुर्तीजन्य पदार्थमा १०० प्रतिशत चेतावनीमूलक चित्र अनिवार्य गर्ने निर्देशिका लागु गरिएको छ । यसअन्तर्गत चेतावनी र घातक चित्र नभएका उत्पादनहरू उत्पादन, बिक्री वा वितरण गर्न नपाइने व्यवस्था छ ।

नेपालले अन्तर्राष्ट्रिय 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स' अन्तर्गत बालक्यान्सरका औषधिहरू निःशुल्क आपूर्तिका लागि पहिलो चरणको औषधि प्राप्त गरेको छ । यसका साथै मस्तिष्क पक्षघात भएका बिरामीलाई निःशुल्क उपचार उपलब्ध गराउने व्यवस्था गरिएको छ भने जलनपीडितको उपचार पनि अब निःशुल्क हुने भएको छ ।

नेपाल औषधि लिमिटेडले स्थापना भएको पाँच दशकपछि विश्व स्वास्थ्य संगठनको 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस'(जिएमपी) प्रमाणपत्र प्राप्त गरेको छ । यससँगै कम्पनीले औषधि बिक्री, निर्यात र अन्तरराष्ट्रिय बोलपत्र प्रक्रियामा सहभागी हुनसक्ने बाटो खुलेको छ ।

स्वास्थ्य मन्त्रालयका बागडोर सम्हालिरहेका प्रदीप पौडेलले क्यान्सर, मुटु, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सन्स् र अल्जाइमरका बिरामीलाई उपचारमा एक लाख थप गर्दै दुई लाखसम्मको सुविधा दिने निर्णय गरेका छन् । यो सुविधा साउन १ गतेदेखि लागू हुनेछ । त्यस्तै, पाँच वर्षमा १२ हजार स्वास्थ्यकर्मी थप्ने लक्ष्यसहित जनशक्ति व्यवस्थापन प्रक्रियाअघि बढाइएको छ । मन्त्रालयले दुई हजार ५०० जनशक्ति वार्षिक रूपमा थप्दै जाने योजना समेत बनाएको छ।

सञ्चालनमा नआएका ५७ स्थानीय तहका अस्पतालहरू साउन १ गतेदेखि सेवा दिन सुरु गर्ने तयारी स्वास्थ्य मन्त्रालयले गरिरहेको छ । स्वास्थ्य जनशक्ति अभाव भए पनि दशकौँसम्म जनशक्ति थप गर्ने गरी स्वास्थ्य क्षेत्रको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरेर प्रक्रियका पूरा गरी मन्त्रिपरिषदमा पेश गर्ने गरी अन्तिम चरणमा रहेको मन्त्री पौडेलले बताएका छन् ।

२०५५ मै उक्त ऐन बने पनि त्यसयताका सरकारहरुले राजपत्रमा सूचना प्रकाशन नगर्दा ऐन कानुनी रूपमा कार्यान्वयनमा गएको थिएन । सरकारले गत वैशाख २२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्दै 'आयोडिनयुक्त नून (उत्पादन तथा विक्री वितरण) ऐन, २०५५' लाई यही साउन १ गतेदेखि लागू हुने निर्णय गरिसकेको छ ।

गत चैत १५ गते कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीमा राजावादी समूहद्वारा गरिएको आगजनीका कारण भवन संरचना, उपकरण, कच्चा पदार्थ र कागजात जलेर करोडौंको क्षति भएको छ । यद्यपि, केही स्केलमा भए पनि कम्पनीले औषधि उत्पादन फेरि सुरु गरिसकेको छ । यही वर्षदेखि दातृ सहयोगको कटौतीले मन्त्रालयका धेरै कार्यक्रम प्रभावित हुन पुगेका छन् । अमेरिकी सहायता नियोग यूएसएआइडीले सहयोग रोक्दा पोषण, खोप, मातृ-नवजात स्वास्थ्य तथा प्रजनन स्वास्थ्यका कार्यक्रमहरूमा प्रत्यक्ष असर परेको छ ।

चिकित्सकहरूले उपभोक्ता अदालतको चिकित्सकीय मुद्दामा कारबाहीप्रति आपत्ति जनाउँदै आन्दोलित बने भने निजी आवासीय चिकित्सकहरूले सरकारीसरहको निर्वाह भत्ताको माग गर्दै सडकमा उत्रिए । वार्तामार्फत आन्दोलन स्थगित भए पनि यसको दीर्घकालीन समाधान भने यथावत नै छ । स्वास्थ्य सचिव डा.विकास देवकोटाले स्वास्थ्य मन्त्रालयले सीमित स्रोत र साधनका बाबजुत मन्त्रालयले अपेक्षित रूपमा प्रगति गरेको भन्दै बिमा सुधार, अस्पताल सेवा विस्तार र जनशक्ति व्यवस्थापनका क्षेत्रमा नीतिगत अग्रसरता लिएको बताए ।

उनका अनुसार मन्त्रालयको समग्र प्रगति मध्यमभन्दा माथि रहेको छ । स्वास्थ्यमन्त्री पौडेलले यो वर्ष स्वास्थ्यका महत्वपूर्ण निर्णयहरु गरेको भए तापनि कार्यान्वनयमा भने चुनौती छ । नियमित कार्यक्रम निरन्तरतामै बढी निर्णय भएको जस्तो देखिन्छ । ठूला निर्णयहरुमा सफलता हात पार्न अझै स्वास्थ्य मन्त्रालय चुकिरहेको छ। स्वास्थ्य मन्त्रालयको निर्णयको कार्यान्वयन, समन्वय र दीर्घकालीन वित्तीय स्रोतमा अझ मजबुती आवश्यक देखिएको छ। नागरिकले गुणस्तरीय, सस्तो र पहुँचयोग्य सेवा प्राप्त गर्न सरकारको स्वास्थ्य क्षेत्र अझ चुस्त हुनुपर्ने देखिन्छ ।

# महानगर यातायातले थप्यो १२ वटा विद्युतीय बस

**काठमाडौं/मस–** महानगर यातायात प्रालिले थप विद्युतीय बस सञ्चालनमा ल्याएको छ । ती १२ बस चक्रपथभित्र सञ्चालन हुनेछन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले बुधबार नयाँ बस सेवाको शुभारम्भ गरे । पेट्रोलियम इन्धनमा निर्भरता कम गर्दै वातावरणमैत्री र 'स्मार्ट' सहर निर्माणका लागि विद्युतीय सार्वजनिक यातायात आवश्यक भएको मन्त्री दाहालले बताए ।



कार्यक्रममा कम्पनीका सचिव केशव नेपालले महानगर यातायात प्राली पहिलो सार्वजनिक यातायातमा आधारित पब्लिक लिमिटेड कम्पनी भएको बताए । कम्पनीका अध्यक्ष सन्तोष खतिवडाले निकट भविष्यमै उपत्यका र आसपासका अन्य क्षेत्रमा समेत विद्युतीय बस सेवा विस्तार गर्ने योजना रहेको जानकारी दिए ।

साे कम्पनीले चन्द्रागिरि, थानकोट हुँदै बनेपा र धुलिखेलसम्म बससेवा सञ्चालन गरिसकेको छ । कम्पनीले स्वस्थ वातावरणको प्रवर्द्धन र सहरी यातायातको दिगो विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

# दुवाल र चन्दलाई प्रज्ञा साहित्यिक पत्रकारिता पुरस्कार

**काठमाडौं/मस–** नेपाल प्रज्ञा-प्रतिष्ठानले यस वर्षको 'प्रज्ञा नेपाली भाषा साहित्यिक पत्रकारिता पुरस्कार' र 'प्रज्ञा मातृभाषा साहित्यिक पत्रकारिता पुरस्कार' प्रदान गरेको छ। पुरस्कार मोहन दुवाल र वीरबहादुर चन्दलाई प्रदान गरिएको हो ।




दुवाल 'जनमत' साहित्यिक मासिकका प्रधान सम्पादक हुन् भने चन्द डोट्याली भाषाको साहित्यिक पत्रिका 'गुगुल्डी'का सम्पादक हुन् । पुरस्कारको राशि ५०-५० हजार रुपैयाँ र ताम्रपत्र रहेको छ । पुरस्कार वितरण कार्यक्रमको प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले उद्घाटन गरेका थिए ।

कुलपति राईले साहित्यिक पत्रकारिता पनि बहुभाषिक हुनुपर्छ भन्नेमा जोड दिएका थिए । उनले यो पुरस्कारले भाषासेवी, सर्जक र पत्रकारहरूलाई बौद्धिक खुराक दिने विश्वास व्यक्त गरे ।

दुवालले आफ्नो जीवन साहित्यिक पत्रकारितामा समर्पित भएको बताउँदै यो सम्मानले जिम्मेवारी अझ बढेको महसुस भएको बताए । उनले राज्यका निकायहरूबाट साहित्यिक पत्रकारितामा हुने विभेदबारे बताउँदै प्रतिष्ठानले आफूलाई सम्झिएकोमा धन्यवाद दिए ।

चन्दले डोट्याली भाषा नेपाली भाषाकी आमा भएको बताए । 'गुगुल्डी' प्रकाशनमार्फत मातृभाषाको जगेर्नामा लागिरहने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा वरिष्ठ साहित्यकार पुरुषोत्तम दाहालले नेपालका सम्पूर्ण भाषाको संरक्षण आवश्यक रहेको सम्झाए ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदी, प्राज्ञ परिषद् सदस्य अमर न्यौपानेलगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन चेतनाथ धमलाले गरेका थिए ।

# भ्यू-टावर निर्माणको औचित्यमाथि महालेखाले उठायो प्रश्न

**खोटाङ/मस–** दिक्तेलको रूपाकोट मझुवागढी नगरपालिकाले मझुवागढी क्षेत्रको बुद्धेश्वर गुफा अगाडि बनाएको भ्यू-टावर औचित्यहीन भएको महालेखा परीक्षकले औंल्याएको छ।

प्राकृतिक रूपमै चारैतिर प्रष्ट देख्न सकिने ठाउँमा भ्यू-टावर निर्माण गरिएकाले त्यसबाट प्राप्त हुने उपलब्धि र मूल्य सिर्जना नभएकाले उक्त संरचना निर्माणको औचित्यमाथि महालेखाले प्रश्न उठाएको हो । उपलब्धि र उत्पादकत्वलाई ध्यानमा राखेर मात्र यस्ता खाले संरचना निर्माण गर्नु पर्ने समेत आर्थिक वर्ष २०८०/८१ को महालेखा परीक्षण प्रतिवेदनले सुझाव दिएको छ ।



भ्युटावर निर्माणका लागि आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको ६५ र नगरपालिकाको ३५ प्रतिशत गरी १ करोड ३६ लाख ८४ हजार विनियोजन भएकोमा ९६ लाख ६६ हजार मा बनेको हो ।

सामुदायिक वन उपभोक्ता समूहसँग संरचना निर्माणपछि त्यसको स्वामित्व कसको हुने, प्राप्त हुने आम्दानी कसले कसरी उठाउने जस्ता विषयको निर्क्योल नगरी तथा सामुदायिक वन क्षेत्रमा संरचना निर्माण गर्न नेपाल सरकारबाट स्वीकृति लिनुपर्नेमा नलिई निर्माण कार्य गरेको समेत महालेखा परीक्षण प्रतिवेदनले औंल्याएको छ ।

# १ लाख घुससहित मेयर साह पक्राउ

**सिरहा/मस–** सिरहाको कल्याणपुर नगरपालिकाका मेयर रामपुकार साह घुससहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासको टोलीले बुधबार मेयर साहलाई १ लाख रुपैयाँ घुससहित पक्राउ गरेको हो ।

नगरपालिकामा २० लाख बजेटमा निर्माण भएको नालाका एक उपभोक्ता समितिसँग उनले २० प्रतिशत कमिसन मागे गरेको अख्तियारले जनाएको छ ।



तर, उपभोक्ता समितिले रकम दिन नसकेपछि मेयर साहले योजनाको चेक दिन मानेका थिएनन् । एक साताको बार्गेनिङपछि मेयर साहले चेक लिनुअघि कम्तीमा १ लाख रुपैयाँ दिन र चेकको रकम खातामा आइसकेपछि बाँकी रकम दिन उपभोक्ता समितिलाई भनेका थिए। यस विषयमा थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङले जानकारी दिए ।

**कुवेतमा रोजगार**
कम्पनी: BERLIN ORDER CO FOR DELIVERY OF CONSUMER ORDERS    शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०५/०५    चलानी नं.: ६०२०६६१७    L.T. No.: 291508    पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६२,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Reporter | 3 | 0 | | 140 | ६२,७७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ८ गते (24 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

**युएईमा रोजगार**
कम्पनी: GRANADA EUROPE ENGINEERING CONSTRUCTION L.L.C    शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/३२    चलानी नं.: ६०२४१०८३    L.T. No.: 327190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Finishing Carpenter | 50 | 0 | | 1400 | ५२,२२० | | | | | | | |
| 3. | Labour | 50 | 0 | | 1200 | ४४,७६० | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | | 1600 | ५९,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ८ गते (24 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

**युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर**
कम्पनी: D.I. Main-line Job Agency

पूर्व स्वीकृत मितिः २०८२/०३/३२    चलानी नं.: ६०२४१०७५    LT. No.: 327242    शहर: Limassol

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesgirl | 0 | 20 | स. काममा दक्ष | 700 | १११,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८२/०३/३२    चलानी नं.: ६०२४१०७३    LT. No.: 327241    शहर: Limassol

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 10 | सम्बन्धित काममा दक्ष | 750 | ११९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 650 | १०३,८०५ | | | | | | | |

पूर्व स्वीकृत मितिः २०८२/०३/३२    चलानी नं.: ६०२४१०७८    LT. No.: 327243    शहर: Limassol

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | स. काममा दक्ष | 750 | ११९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाण्डौमा मिति २०८२ साउन ८ गते (24 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, पोखरा लेखनाथमा मिति २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal. Contact: 015903079, 014971229, 015903078
9707312439, 980-2392459, 9851354196
Pokhara Contact : 061-570074,061-570075, 9856035786,9810124144, 9705699786

## सम्पादकीय

# खुलेआम बेइमानी

जनता समाजवादी पार्टी (जसपा), नेपालले अन्ततः सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । गत २६ पुसमा सरकारले भूमि सम्बन्धी ऐन संशोधन सहित ६ वटा अध्यादेश ल्याएपछि जसपा नेपालले असन्तुष्टि जनाउन थालेको थियो । विशेषगरी भूमि अध्यादेशप्रति जसपा नेपालको असहमति थियो । उसको असहमतिकै कारण भूमि अध्यादेश फिर्ता लिन सरकार बाध्य भएको थियो । तर सरकारले जसपा नेपालको अडानलाई बेवास्ता गर्दै भूमि सम्बन्धी विधेयक ल्यायो । अध्यादेशमा रहेकै अन्तर्वस्तु विधेयकमा पनि समावेश गरिएको भन्दै जसपा नेपालले समर्थन फिर्ता लिएको छ । समर्थन फिर्ता अगाडि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सहित नेताहरूले प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख सत्ता साझेदार नपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता पनि गरेका थिए ।

भेटवार्ता पछि उपेन्द्र यादवले समर्थन फिर्ताको निर्णय लिनुले सत्तारूढ नेताहरूको आग्रह अस्वीकार भएको बुझियो । उनको समर्थन फिर्ताले राष्ट्रिय सभामा सरकार अल्पमतमै पर्ने भएकाले पनि प्रधानमन्त्री ओली र सभापति देउवाले स-सम्मान आग्रह गरेको लुक्दैन । तर जसपा नेपालले ११ बुँदे तर्क सहित समर्थन फिर्ताको निर्णय लिएको छ । ११ बुँदेमा सुशासनको प्रत्याभूति हुन नसकेको, भ्रष्टाचार बढेको, बजेट पूर्वाग्राही भएको, संविधान संशोधनको पहल नलिइएको, रोजगारी सिर्जना हुन नसकेको, पहिचानको माग सम्बोधन हुन नसकेको लगायत छन् । समर्थन फिर्ता लिइरहँदा उल्लेखित यी निष्कर्ष संभवतः जसपा नेपालले वर्तमान सरकार समक्ष पहिलोपटक राख्यो, त्यो पनि आरोपका रूपमा । यसअघि सार्वजनिक बार्गेनिङमा भूमि सम्बन्धी अध्यादेश नै थियो ।

तर समर्थन फिर्ता लिनुको कारणमा भूमि विधेयकमा पार्टीको अडान नै छुटेको छ । यो घटनाले राजनीतिका धेरै कुरा पटाक्षेप भएको छ । मुख्य कुरा उपेन्द्रको अडानबारे जनता अलमलमा परे । उनको माग, संघर्ष र निष्कर्षबीच मतैक्य हुन सकेन । तर समर्थन फिर्ताको असर प्रष्ट छ, राष्ट्रिय सभामा सरकार अल्पमतमा पर्‍यो । राष्ट्रिय सभामा अल्पमतमा पर्नुको असर राजनीतिक मात्र नभएर सरकारको कामकारबाहीसम्मै पर्नेछ । भलै प्रतिनिधि सभामा असर पर्नेछैन । तर उपेन्द्र यादवको पार्टीले सत्तासँग कुन विषयमा बार्गेनिङ गरिरहेको थियो भन्नेप्रति जनतामा भ्रम रहन पुग्यो । यो भ्रमणले दल र राजनीतिप्रति नागरिकको अविश्वास बढ्नेछ । राजनीतिमा एउटा भन्ने, र अर्को गर्ने प्रवृत्ति हुन्छ भन्ने भाष्य स्थापित हुनेछ । समर्थन फिर्ता लिनु र दिनु राजनीतिक कुरा हो, यसप्रति कुनै टिप्पणी हुनेछैन । तर जनतामा अविश्वास सिर्जना हुनेगरी निर्णयहरू लिइनु भविष्यलाई चिन्ता मात्र नभएर जनमतप्रति बेइमानी हो ।

# हिन्दु संस्कृतिमा साउन महिना

*साउन महिनामा व्रत बस्नु, हरियो पहिरन लगाउनु र धार्मिक संयम अपनाउनु सनातन संस्कृतिमा शुभ मानिन्छ । हरियो रंग जीवन, हरियाली, सौन्दर्य र उत्सवको प्रतीक हो...*

अग्रलेख



● पि.आर. भट्टराई

हिन्दु संस्कृतिमा साउन महिना विशेष आध्यात्मिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको महिना हो । नेवारी पात्रो, विक्रम संवत् र हिन्दू परम्पराअनुसार साउन महिना वर्षको चौथो महिना हो, जुन प्रायः असारको अन्त्यदेखि साउनको अन्त्यसम्म पर्दछ । यो महिना विशेषगरी भगवान शिवको आराधना, व्रत, उपवास, ध्यान र धार्मिक अनुशासनको माध्यमबाट बिताइन्छ । साउनले आस्था, श्रद्धा र भक्ति भर्नेको जीवनलाई नियमित र सात्विक बनाउने अवसर प्रदान गर्छ । प्रकृति हरियालीले ढकमक्क हुने यो महिना धार्मिक आस्थाका दृष्टिले शिवको प्रिय मासका रूपमा मनाइन्छ ।

हिन्दू धर्मशास्त्रहरू अनुसार साउन महिनाभर सोमबार व्रत बस्ने र भगवान शिवको विशेष पूजा गर्ने चलन छ । यसको धार्मिक पृष्ठभूमि समुद्र मन्थनसँग जोडिएको छ, जसमा कालकूट विष निस्कँदा भगवान शिवले त्यो विष पान गरेर ब्रह्माण्डको रक्षा गरेका थिए । त्यसै बेलादेखि उनको शरीरमा विषको प्रभाव कम गर्न जलार्पण गर्नुपर्ने विश्वास रहिआएको छ । यस कारण साउन महिनाभर शिवलिंगमा जल चढाउने, बेलपत्र अर्पण गर्ने र शिव चालीसा वा रुद्राष्टक जप्ने परम्परा रहेको छ । विशेषतः महिलाहरू यो महिनालाई समर्पण र संकल्पको महिनाको रूपमा लिन्छन्, जसमा उनीहरूले सोमबार व्रत गरेर पतिको दीर्घायु, पारिवारिक सुख र समृद्धिको कामना गर्छन् ।

साउन महिनामा व्रत बस्नु, हरियो पहिरन लगाउनु र धार्मिक संयम अपनाउनु सनातन संस्कृतिमा शुभ मानिन्छ । हरियो रंग जीवन, हरियाली, सौन्दर्य र उत्सवको प्रतीक हो । नेपाली हिन्दू महिलाहरूले साउन महिनाभर चूडा, मेहन्दी, हरियो सारी आदि प्रयोग गर्छन्, जसले साउनलाई सांस्कृतिक उत्सवको रूपमा उभ्याउँछ । यो विशेषता विशेषगरी विवाहित महिलामाझ देखिन्छ, जसमा उनीहरू आफ्नो सुहागको रक्षा र पारिवारिक कल्याणको लागि शिवजीको पूजा गर्छन् ।

पुरुषहरूका लागि पनि साउन महिना आध्यात्मिक साधना र संयमको समय हो । खासगरी शिवभक्तहरूले बिहानै स्नान गरेर शिव मन्दिर पुग्ने, बेलपत्र अर्पण गर्ने र व्रत राख्ने चलन अवलम्बन गर्छन् । कतिपय साधकहरू यो महिनाभर मांस, मदिरा, प्याज, लसुन आदि परित्याग गर्छन् र सात्विक भोजन मात्र सेवन गर्छन् । यस्ता अभ्यासहरू शारीरिक र मानसिक शुद्धिको प्रतीक मानिन्छन्, जसले जीवनमा आध्यात्मिक उन्नति ल्याउने विश्वास रहिआएको छ ।

साउन महिना केवल धार्मिक गतिविधिबाट मात्रै सीमित छैन । यसले वातावरण, प्रकृति र समाजसँग पनि सम्बन्ध गाँस्छ । वर्षाको समय भएकाले खेतीपातीको लय चलिरहेको हुन्छ र खेतबारी हरियालीले ढकमक्क हुन्छ । प्राकृतिक रूपान्तरणसँगै यो महिनाले मानिसमा आध्यात्मिक परिवर्तन ल्याउने प्रेरणा दिन्छ । पानी, वनस्पति र मौसमका बीच चल्ने धार्मिक अनुशासनले सनातन संस्कृतिको प्रकृति-मैत्री सोच उजागर गर्छ । शिव, जो स्वयंलाई प्रकृतिका देवता मानिन्छन्, उनीप्रति श्रद्धा जनाउनु प्रकृतिप्रतिको कृतज्ञता पनि हो ।

साउन महिनामा मनाइने प्रमुख पर्वहरूमध्ये नागपञ्चमी, हरितालिका तिजको सुरुवात, जनैपूर्णिमा आदि पर्दछन् । नागपञ्चमी सर्पदेवताको पूजा गर्ने पर्व हो, जसमा सर्पलाई भूमिको सुरक्षा र कृषिको



मित्रका रूपमा सम्मान गरिन्छ । जनैपूर्णिमामा ब्राह्मणहरूले जनै फेर्ने, ऋषि तर्पण गर्ने परम्परा छ । यसले ज्ञान, धर्म र पवित्रताको संकेत गर्छ । यसै अवसरमा रक्षा बन्धन पनि मनाइन्छ । यस्ता चाडपर्वहरूले साउन महिना केवल व्रत-उपवासको महिनामा मात्र सीमित नरही, आपसी सम्बन्ध र सामाजिक एकताको महिना भएको देखाउँछ ।

शिवजीको आराधनासँगै साउन महिना ध्यान र योगको अभ्यासका लागि पनि उपयुक्त समय हो । हिन्दू दर्शनअनुसार वर्षाका बेला शरीरको पाचन प्रणाली कमजोर हुने भएकाले व्रत, हल्का भोजन र साधना गर्नु स्वास्थ्यका दृष्टिले लाभदायक मानिन्छ । योगशास्त्र अनुसार साउनमा शरीरलाई विश्राम, शुद्धि र मानसिक एकाग्रता प्रदान गर्न सकिन्छ । यसरी साउन महिनाको अभ्यासले आन्तरिक शक्ति बढाउने र आत्मानुशासन बलियो बनाउने काम गर्छ ।

साउनले महिलाका लागि सामाजिक र सांस्कृतिकरूपमा पनि विशेष अर्थ बोकेको छ । आ-आफ्ना साथीभाइसँग मिलेर पूजा गर्ने, गीत गाउने, हरियो पहिरन लगाएर भेटघाट गर्ने आदि क्रियाकलापले सामूहिकता र सौहार्दता बढाउँछ । विशेषतः तिजको तयारी पनि साउनमै सुरु हुन्छ, जसले महिलाको धार्मिक सहभागिता, आत्मबल र नारीत्वको अभिव्यक्तिलाई नयाँ स्वर दिन्छ । साउनले विवाहित महिलालाई मात्रै नभएर अविवाहित युवतीलाई पनि भगवान शिवलाई मनोनुकूल वर पाउने आशासहित व्रत गर्न प्रेरित गर्छ । यो परम्परा 'कन्या व्रत' भनेर चिनिन्छ, जसमा युवतीहरूले संयमित जीवनशैली अपनाउने र भक्ति भावले जीवनलाई पवित्र तुल्याउने प्रयत्न गर्छन् ।

आजको सन्दर्भमा साउनको महत्व अझै पनि अक्षुण्ण छ, यद्यपि आधुनिक जीवनशैलीले यसको स्वरूपमा केही परिवर्तन आएको छ । व्यस्त सहर, कार्यभार र व्यावसायिक जीवनका कारण व्रत राख्ने, मन्दिर

> *साउन महिना सनातन संस्कृतिमा आध्यात्मिक अनुशासन, प्रकृति-मैत्री जीवन, सामाजिक एकता र पारिवारिक समर्पणको प्रतीक हो । यो महिना आन्तरिक शक्तिको खोजी, भक्ति भावको अभिवृद्धि र जीवनशैलीमा सादगी ल्याउने अभ्यास हो...*

जाने वा समूहमा पूजा गर्ने सम्भावना सबैका लागि सहज नहुन सक्छ । तर पनि, घरमै बसेर प्रार्थना गर्ने, अनलाइन माध्यमबाट प्रवचन सुन्ने वा परिवारसँग मिलेर शिव स्तुति गर्ने परम्परा बढ्दो छ । यो सन्देश हो कि सनातन संस्कृतिको आत्मा केवल बाह्य आडम्बरमा होइन, आन्तरिक भक्ति र शुद्ध जीवनशैलीमा रहेको छ ।

साउन महिना सनातन संस्कृतिमा आध्यात्मिक अनुशासन, प्रकृति-मैत्री जीवन, सामाजिक एकता र पारिवारिक समर्पणको प्रतीक हो । यो महिना आन्तरिक शक्तिको खोजी, भक्ति भावको अभिवृद्धि र जीवनशैलीमा सादगी ल्याउने अभ्यास हो । हरेक वर्ष साउन आउँदा मानिसले केवल भगवानप्रति श्रद्धा राख्ने होइन, आफ्नै जीवनलाई पनि समीक्षा गर्ने अवसर पाउँछन्– के मैले संयमित जीवन बाँचें ? के मैले भक्ति र सेवा अपनाएँ ? र के म अझ शुद्ध, सरल र समर्पित जीवनतर्फ उन्मुख छु ? यिनै प्रश्नहरूको उत्तर खोज्न साउन महिना सधैं प्रेरणादायक रहन्छ ।

## इतिहासमा आज

१७ जुलाई २००० मा लोक नायक जयप्रकाश विमानस्थलमा पुग्ने क्रममा एलायन्स एयरको उडान ७४१२ अचानक भारतको पटनाको एक आवासीय क्षेत्र दुर्घटनाग्रस्त भयो । जसमा ६० जनाको मृत्यु भएको थियो ।



१७ जुलाई २००६ मा ७.७ रेक्टर स्केलको भूकम्पसँगै आएको सुनामीले इन्डोनेसियाली टापु जाभालाई गम्भीर असर पार्‍यो । जसमा ६६८ जनाको मृत्यु भयो भने ९ हजारभन्दा बढी घाइते भए ।



१७ जुलाई २०१५ मा इराकको दियाला गभर्नरेटमा आत्मघाती बम विस्फोटमा कम्तिमा १२० जनाको मृत्यु भएको थियो भने १३० जना घाइते भएका थिए ।



१७ जुलाई २०१४ मा मलेसिया एयरलाइन्सको उडान १७, बोइङ ७७७ युक्रेन र रूसको सीमा नजिकै गोली हानी खसालिएपछि दुर्घटनाग्रस्त भयो । जहाजमा रहेका सबै २९८ जनाको मृत्यु भएको थियो ।



# अयन परिवर्तन र कर्कट संक्रान्ति

विचार



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

श्रावणदेखि सूर्य दक्षिणायन र माघदेखि उत्तरायण हुन्छन् । दक्षिणायन हुँदा दिन छोटो, रात लामो र उत्तरायण हुँदा दिन लामो, तर रात छोटा हुने गर्छ । ग्रह गति ज्योतिष शास्त्रअनुसार सूर्य १२ राशिमा परिभ्रमण गर्छन् । नयाँ वर्ष वैशाखदेखि मेष हुँदै चैत्रमा मीनमा प्रवेश गर्दै एक वर्ष व्यतीत गर्छन् । चन्द्रमा अनुसार तिथिहरू हुन्छन् भने अघि भगवान शिवबाट आशीर्वाद पाएअनुसार सम्पूर्ण चाड पर्वहरू चन्द्रमाका तिथिअनुसार हुने, विशेष अयन परिवर्तन र संक्रान्ति, मास भने सूर्यमानअनुसार हुने गरेको छ ।

बारहरू ग्रह मण्डलअनुसार आइतदेखि शनिसम्म छन् भने नक्षत्र २७ चन्द्रमाका पत्नीहरू हुन् र योग, करण, बार, तिथि नक्षत्रको समष्टि नै पञ्चाङ्ग भएको हो । हरेक संक्रान्तिमा पञ्चाङ्ग श्रवण गर्नुपर्ने शास्त्रीय मान्यता रहेको छ । यो श्रवण गर्दा गंगास्नानको फल मिल्नेछ । हरेक समय हामीलाई गंगा स्नान सहज छैन र पञ्चाङ्ग श्रवण भनेको जङ्गम तीर्थ हो, जल महत्ताले तीर्थ हुन्छ र स्थल महत्ताले धाम हुन्छ ।

शास्त्रको कथन छ : तिथिर्बारश्च नक्षत्रं योग करणमेव च पञ्चागस्य फलं श्रुत्वा गङ्गा स्नान फलं लभेत् । श्रीशाके १९४७ श्रीसम्वत् २०८२ सिद्धार्थिनामसम्वत्सरे श्रावणकृष्ण सप्तम्यां तिथौ रेवती नक्षत्रे अतिगण्डयोगे भद्राकरणे गुरवासरे प्रातः ५:५० वादने श्रीसूर्यो मिथुनात्कर्कटराशिं प्रविष्टस्तदा उत्तरायण गृष्मर्त्वाषाढा गता दक्षिणायन वर्षर्तुश्रावणमासाः प्राप्ताः । कर्कटे सूर्यः मीने चन्द्रः मिथुने गुरुः इति । श्रावण १ गते वृहस्पतिवार बिहानै कर्कटमा सूर्य संक्रमण भई वर्षा ऋतु आरम्भ र अयन परिवर्तन भई दक्षिणायन सुरु हुने भएको छ ।

उत्तरायण (माघदेखि आषाढसम्म)लाई देवताको दिन र दक्षिणायन (श्रावणदेखि पौषसम्म)लाई देवताको रात भनिन्छ । रात र दिनको उत्तिकै महत्व हुनाले उत्तरायणमा नयाँ घर सर्ने, बिहे, व्रतबन्ध आदि शुभकर्म बढी हुने गर्छ भने दक्षिणायन समयमा अधिकांश मुख्य चाडपर्व चतुर्मास व्रत, महादसैं, नाग पञ्चमी, कृष्ण जन्माष्टमी, रक्षा बन्धन, तिहार आदि पर्दछन् । पितृहरूका लागि विशेष उपासना गर्ने पितृ पक्ष यसैबेला पर्छन् भने मानिसको इहलीला समाप्त हुने बेलाचाहीँ तुलनात्मकरूपमा उत्तरायणलाई बढी शुभ मानिएको छ । समय सबैभन्दा बलवान् छ । महिना महिनामा आउने संक्रान्ति (सङ्क्रमण) र कोठामा परिवर्तन हुने क्यालेन्डरका पानाहरूले आफूले गरेका जीवन उपयोगी र समाज उपयोगी कामको गणना गर्न संकेत गर्छन् । ६/६महिनामा हुने अयन परिवर्तनले अर्द्धवार्षिक समीक्षा र आत्मालोचना गर्न प्रेरित गर्छ । तृष्णा बढाउने, रोग वृद्धि गर्ने तर काल चक्रभन्दा माथि छु भन्ने अहम् भावनालाई त्यागेर आगामी दिन बढी सुखद र आनन्दमय बनाउन सामाजिक सेवा र परहितकारी काममा प्रेरित हुने संकेत हो संक्रान्ति भनौं अयन परिवर्तन ! जीवन सन्तुलित र सौम्य सक्रिय र साहसिलो बनाउन आत्मबलको प्रेरणा दिन्छ, अयन परिवर्तनले !

हाम्रो मुख्य बाली धान, मकै, कोदो, भटमास आदि रोपण बेला अर्थात् वर्षायाम खेतबारीको काम यसै समयावधिमा हुने गर्छ । कृषिको आधार ६ वटा ऋतुमध्ये वर्षा ऋतुको आरम्भ कर्कट सङ्क्रान्तिबाटै सुरु हुन्छ । यस्तो बेला खेती किसानी गर्नेहरू झन् बढी स्वस्थ हुनुपर्ने र कीरा-फट्याङ्ग्रा आदिको प्रकोपबाट बच्न स्वास्थ्य मजबुत राख्न यस दिन विशेष कार्य गर्ने चलन छ । हिलो, मैलो, वर्षाको कारण घाउ खटिरा आदि चिलाउने छाला जनित रोग नलाग्न कर्कट सङ्क्रान्तिको साँझमा लुतो फाल्ने चलन छ । लुतो फालेपछि जडीबुटीको रूपमा रहेको कुकुर डाइनोको पात जलाएर घाउ खटिरामा मलम लगाउने चलन छ ।

साँझपख कण्डारक नामक पिशाचको पूजा गरी लुतो फाल्नाले छाला जनित रोग नहुने विश्वास छ । अर्को धसिङ्गरेको बोट बाल्ने, पड्काउने, सल्लाको काठको मुठालाई ७/७ वटा पार्ने ती मुठालाई निशाचार पिशाचलाई चढाई ४ वटा सल्लाको दाउरालाई आफ्नो घरको मूल धुरी नाघ्ने गरी चार दिशामा फाल्ने अनौठो संस्कृति अहिले पनि गाउँतिर पाइन्छ । मासको फुलौरा खोरीमा राखी फलफूलसमेत चढाउने, आँगन, चोक गोबरले लिप्ने, सफा पहिरनसाथ दर्शनढुंगा मा कण्डारक देवता स्थापना गर्ने, दीप, कलश, गणेश सहित पूजा, उपासना गर्ने विधान छ । पिठोले रेखी हाली, कर्ममात्र, पूजा सामान, नैवेद्य भेटीसहित आँगनमा बसेर पृथ्वीको पूजा समेत त्यहीँ गरिन्छ । अन्त्यमा धूप, दीप, दक्षिणा, समापन आदि कार्यसमेत पूजाका विधानले गर्ने गरिन्छ ।

अन्त्यमा नाङ्लो ठटाएर अपशकुनहरूलाई खेद्ने कार्य पनि हुन्छ यस दिन । अहिलेजस्तो मेडिकल साइन्सले विजय नगरेको बेला पनि हाम्रा पुर्खा सुरक्षित रहे यसैगरी र अरू पनि आयुर्वेदका अनगिन्ती प्रक्रिया र पद्धतिहरूलाई आत्मसात् गरेर । गोगका विधि र प्राकृतिक चिकित्सा त हाम्रो पुर्खाको धरोहर नै हो । खानपान आहार शुद्ध गरेर दीर्घजीवी भए, उनीहरूले अमरत्वका अष्ट चिरञ्जीवीको पूजा र प्रार्थना पनि गरे, बत्ती निभाएनन्, बाले, केक काटेनन् बरु फलफूल सजाए, देव पितृहरूको भरपुर आशीर्वाद लिए, नागको पूजन गरे, भूमिलाई माता माने, पूजा गरे, प्रदूषण गरेनन्, जलवायुको संकट तिनले निम्त्याएनन् ।

नाग पञ्चमी श्रावणमै पर्छ र नागको पूजा गर्दा नाग शिर ज्ञान हुनु जरुरी छ भाद्र, आश्विन, कार्तिकमा नागको शिर पूर्वतिर हुन्छ । मार्ग, पौष, माघमा दक्षिणतिर, फाल्गुण, चैत्र, वैशाखमा पश्चिमतिर र ज्येष्ठ, आषाढ, श्रावणमा नागको शिर उत्तर दिशामा हुने हुँदा शिर मिलाएर पूजा गर्नु जरुरी छ । नागको प्रार्थना मन्त्र यस्तो छः आस्तिकस्य मुनेर्मातर्जगदानन्दकारिणि । एह्येहि मनसे देवी ! नागमातर्नमोऽस्तुते ॥

## सामाजिक सञ्जाल




**रञ्जित तामाङ**

अनपढ बाउ बाजेका पालामा खोलानालामाथि अहिलेको जत्ति ज्यादती भएको थिएन । बरु खोलानालालाई देउता मानेर पूजा गर्थे । जस्तै : माझी जातिको लदी पूजा । अहिले त खोलाको पानीबाटै घरको जग उठाउँछन् । अरू कुरा के गर्नु ? रोशी खोलाको पानीमा पर्खाल उठाएर बनाएको बिपी राजमार्गको बिजोग हेर्दैमा थाहा हुन्छ, हाम्रो पुस्ताको बुद्धिको स्तर !



**नीलकण्ठ तिवारी**

अपराध नगरेका मानिसहरू दोषी करार गराई जेलमा बसेका छन्, तर आलमहरू रमाइरहेका छन् । संसद् र समितिमै हाकाहाकी डकैती गर्छ हाम्रो निजामती प्रशासन । संवैधानिक आयोगहरूमा संवैधानिक परिसद्वालाहरूको निर्लज्ज भागवन्डाको बेथितिलाई मध्यरातमा सदर गर्छ हाम्रो न्यायालय । कसैले परिभाषित गरिदिन सक्छ, यो सबै समाजवाद प्राप्तिको लागि हो ?



**विदुर दाहाल**

राज्यको स्रोत साधन फोकटमा सुतिसुति खानुभन्दा राजनीति गर्छु, सेवा सुविधा त्याग गर्छु भन्ने कुरा सकारात्मक हो । भूतपूर्व जति सबैले सेवा सुविधा त्यागेर राजनीति गरे राज्यको ढुकुटी जोगिन्छ । रोइलो किन ? आखिर राजनीति वृद्ध आश्रम हो क्यारे !



**शिर सुनार**

हरुवाहरूको राष्ट्रिय सभाबाट पो मन्त्री छान्ने नेपाल मात्रै होला, हारेर पनि राष्ट्र बैंकको गभर्नर हुनु पाउनु, प्रतिनिधि सभामा हारेर पनि फेरि राष्ट्रिय सभामा जानु, पार्टीको कोटाबाट न्यायाधीश हुन पाउनु, विश्वविद्यालयमा पार्टीको मान्छेलाई बल जबरजस्ती राख्नुपर्ने अनि देश बन्छ ?

# मन्त्री राणाले सम्हालेको मन्त्रालय वित्तीय प्रगतिमा प्रदेशकै उत्कृष्ट

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, ३२ असार




लुम्बिनी प्रदेश सरकार अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ को कार्यसम्पादन मूल्यांकनमा शहरी विकास तथा खानेपानी मन्त्रालयले सबैभन्दा उत्कृष्ट वित्तीय प्रगति गर्दै ८४.५५ प्रतिशत खर्च कार्यान्वयन गरेको छ।

नेपाली कांग्रेसका युवा नेता तथा मन्त्री रोज राणा (सरोज थापा) को नेतृत्वमा रहेको मन्त्रालयले विकास निर्माणमा अग्रता लिँदै प्रदेशका सबै मन्त्रालयमध्ये शीर्ष स्थान हासिल गरेको हो।

मन्त्रालयका प्रवक्ता गुणानिधि पोखरेलका अनुसार, खानेपानी गुणस्तर सुधार र योजना कार्यान्वयनमा पारदर्शिता, इन्जिनियरिङ दक्षता र जनसहभागितालाई प्राथमिकतामा राखिएको थियो।

लुम्बिनी प्रदेशको समग्र आर्थिक खर्च ७२.४३ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ६.२९ प्रतिशतले बढी हो। सरकारले ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट विनियोजन गरेकामा २८ अर्ब २२ करोड ५९ लाख रुपैयाँ खर्च भएको छ। पुँजीगत खर्चतर्फ २४ अर्ब ५८ करोडको बजेटमध्ये १७ अर्ब ९१ करोड रुपैयाँ (७२.८७ प्रतिशत) खर्च गरिएको छ।

मन्त्री राणाले मन्त्रालय सम्हालेको प्रारम्भदेखि नै सुशासन, पारदर्शिता र जवाफदेहीताका साथ योजना कार्यान्वयनमा जोड दिएको बताए। उनले भने, 'मैले सुरू दिनदेखि नै दिगो र प्रभावकारी विकासको अठोट लिएको थिएँ। यो उपलब्धि सबैको सहकार्य र इमानदार प्रयासको परिणाम हो।'

उनले मन्त्रालय अन्तर्गतका महाशाखा प्रमुखहरू, इन्जिनियर, उपभोक्ता समिति, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारीहरूप्रति आभार व्यक्त गरेका छन्। यस आर्थिक वर्षमा मन्त्रालयले १०५ ठूला आयोजना सम्पन्न गरेको छ।

अन्य मन्त्रालयहरूको वित्तीय प्रगति विवरण हेर्दा स्वास्थ्य मन्त्रालयको ८६.०४ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइको ७७.०७ प्रतिशत, सामाजिक विकासको ७१.३८ प्रतिशत, कृषिको ६७.९३ प्रतिशत, भौतिक पूर्वाधारको ६६.९३ प्रतिशत, आर्थिक मन्त्रालयको ६८.२० प्रतिशत, वन तथा भू-संरक्षणको ६५.७५ प्रतिशत, उद्योग, पर्यटन तथा वातावरणको ६२.२२ प्रतिशत,

आन्तरिक मामिला तथा कानुनको ६१.८३ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ३८.९२ प्रतिशत रहेको छ। सबैभन्दा कम प्रगति महिला तथा बालबालिका मन्त्रालयको ६.०९ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशमा प्रगति दर सुधार भए पनि केही मन्त्रालयहरू अझै पछि परेका छन् भने केहीले वित्तीय कार्यान्वयनमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन्।

# साहित्यिक पत्रकार संघद्वारा पन्थी र साह सम्मानित



**काठमाडौं/मस**-नेपाल साहित्यिक पत्रकार संघले १९औं स्थापना दिवसको अवसरमा आयोजना गरेको विशेष कार्यक्रममा दुई जना साहित्यिक पत्रकारलाई सम्मान गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले 'हाम्रो पुरुषार्थ' साहित्यिक त्रैमासिकका सम्पादक शशी पन्थी र 'भोजपुरिया माटी'का सम्पादक रामप्रसाद साहलाई सम्मानित गरे। पानसमा बत्ती बालेर कार्यक्रम उद्घाटन गर्दै कुलपति राईले साहित्यिक पत्रकारिताले नेपाली साहित्य र सर्जक उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए।

'बौद्धिक कृत्रिमता अर्थात् एआईमा संस्कृतिको अभाव छ,' राईले भने, 'तर लेखक, साहित्यकार र पत्रकार त्रसित हुनुपर्ने अवस्था छैन। यसको प्रयोग सजगतापूर्वक गर्नुपर्छ।'

सम्मानित दुवै व्यक्तित्वलाई प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव डा.धनप्रसाद सुवेदीले दोसल्ला ओढाएर सम्मान प्रकट गरेका थिए।

कार्यक्रममा वरिष्ठ समालोचक ईश्वरचन्द्र ज्ञवाली, पत्रकार पुरुषोत्तम दाहाल, भाषा आयोगका सदस्य मातृकाप्रसाद पोखरेललगायतका वक्ताहरूले साहित्यिक पत्रकारिताको योगदानको चर्चा गरे। संघका वरिष्ठ उपाध्यक्ष वियोगी बुढाथोकी, उपाध्यक्ष रामप्रसाद पन्त र उपमहासचिव नवराज रिजालले सम्मानित व्यक्तित्वहरूको योगदान स्मरण गरे।

कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष मोहन दुवालले गरेका थिए। उनले संघले साहित्यिक पत्रकारिताको विकासमा खेलेको भूमिकालाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा महासचिव चेतनाथ धमलाले स्वागत मन्तव्य, सचिवालय सदस्य गणेश राईले धन्यवाद ज्ञापन र कोषाध्यक्ष सूर्यप्रसाद लाकोजूले कार्यक्रम सञ्चालन गरेका थिए।

# एसईईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३२ असार



रौतहटको फतुवा बिजयपुर नगरपालिका-११ स्थित हिमालीवास माविबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्तीर्ण विद्यार्थीलाई विशेष कार्यक्रम गरी सम्मान गरिएको छ।

विद्यालयबाट २०८१ सालको एसईईमा सहभागी ४६ जना सबै विद्यार्थी उत्तीर्ण भएका छन्। शतप्रतिशत नतिजा प्राप्त भएपछि विद्यालयले आयोजना गरेको कार्यक्रममा विद्यार्थीहरूलाई प्रमाणपत्र र फूलमालासहित सम्मान गरिएको हो।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रहलाद भुजेलको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बुनिलाल यादव, शिक्षक अभिभावक संघका प्रतिनिधिहरू तथा विभिन्न शिक्षकमण्डलीको उपस्थिति रहेको थियो। प्रधानाध्यापक यादवले हिमालीवास माविले हासिल गरेको शतप्रतिशत सफलतालाई समग्र नगरपालिकाकै गौरवको विषय भएको बताए। उनले विद्यार्थीहरूलाई अनुशासनमा रही निरन्तर मेहनत गर्न सुझाव दिँदै विद्यालय, शिक्षक, व्यवस्थापन समिति र अभिभावकहरूको सामूहिक प्रयासकै कारण यस्तो सफलता सम्भव भएको स्पष्ट पारे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भुजेलले विद्यार्थीहरूको हितका लागि आफूहरू सधैं प्रतिबद्ध रहेको जनाउँदै, यसपटकको सफलताले विद्यालयको शैक्षिक प्रतिवद्धता बलियो बनाएको बताए। उनले विद्यार्थी, शिक्षक र अभिभावक सबैलाई सफलताका लागि धन्यवाद दिए। शिक्षक मदन मोहन यादवले सञ्चालन गरेको कार्यक्रममा शिक्षक, अभिभावक तथा स्थानीय समुदायका प्रतिनिधिहरूले उत्तीर्ण विद्यार्थीहरूलाई शुभकामना दिएका थिए।

# एनसीसी कतारलाई 'चेन अफ कमान्ड'मा चल्न सुझाव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३२ असार



गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष बद्री केसी समूहबाट आधिकारिता प्राप्त अधिवेशन समितिका संयोजक केशव कार्कीले दोहामा पत्रकार सम्मेलनको आयोजना गरेका छन्।

कतारमा रहेको एनआरएनए एनसीसीलाई पटक-पटक दिइएको निर्देशन पालना नगरेको भन्दै ३० जुनमा केसी समूहले मान्यता फिर्ता लिँदै सोही समितिका द्वितीय उपाध्यक्ष केशव कार्कीलाई अधिवेशन संयोजक तोकेको थियो।

जिम्मेवारी बहन गर्दै अहिलेसम्मका गतिविधिबारे जानकारी दिनका लागि गरिएको पत्रकार सम्मेलनमा वक्ताहरूले गन्तव्य एउटै भए पनि फरक-फरक आचरण र विचारका कारण असहमति जनाएका समूहलाई घोचपेच आफ्नो बचाउ र पत्रकारहरूसँगको चरम असन्तुष्टि पोखेका थिए।

मंगलबार राति आयोजित पत्रकार सम्मेलनमा एनआरएनए अभियन्ता कमलमणि गुरागाईंले अहिलेसम्मको गतिविधिबारे जानकारी दिने क्रममा लिखित रूपमा तयार पारिएको आरोप प्रत्यारोप र बचाउसहितको एनआरएनभित्रको विवाद र घटनाक्रम सम्बन्धमा जानकारी दिएका थिए।

उनले आइसीसीले मान्यता फिर्ता लिएसँगै रमेश भट्टले नेतृत्व गरेको एनसीसी जिल्ला संस्था सरहको हैसियतमा पुगेको दाबी गरे।

आइसीसीमा विवादमा रहेका मुख्य २ वटा अधिवेशनमध्ये अदालतको अन्तिम फैसला नआउँदासम्म तटस्थ बस्ने र एनसीसी कतारले आफ्नै पोर्टल निर्माण गरी अधिवेशन सम्पन्न गर्ने भन्ने निर्णय गर्ने तर एकताको अधिवेशनमा अध्यक्ष र महासचिव लगायत अन्य व्यक्तिहरू सहभागी हुँदै निर्णयका विरुद्धमा लागेको जिकिर गरे।

एनसीसी कतार विधान बमोजिम नचलेको, विधान संशोधन समितिले पेस गरेको विधानको मस्यौदामा भएका एनआरएनए आइसीसीसँग बाँभिने गरी बनाइएको बुँदालाई सच्याइ परिषद्मा पेस गर्नुपर्नेमा एनसीसीले नै आइसीसीको विधानसँग बाँझिने निर्णय गरेको आरोपहरू लगाए।

एनसीसी कतारले मे २३ को परिषद् भेला जुन २७ सम्ममा सबैसँग सहमति कायम गरी सम्पन्न गर्ने गरी स्थगित गरेपछि सरोकारवालासँग छलफल घनिभूत रूपमा गर्नुपर्नेमा जुन २४ मा एनसीसीको बैठक जुम भर्चुअलमा बसी उल्टै परिषद् भेला जुन २७ भित्रमा गरिनुपर्नेमा जुलाई ४ मा सार्ने त्यो पनि विस्तृत छलफल नगरी धेरै सदस्यहरूको असहमतिको बाबजुद जबरजस्ती निर्णय सुनाइएको आरोप लगाएका छन्। उनको आरोप उपर मध्यान्हकर्मीले कार्यसमिति सदस्य कसैले पनि यस बारेमा आवाज उठाएको नपाइएको र लिखित रूपमा कहीँ उजुरी गरेको भए प्रमाण पत्रकार सम्मेलनमा पेस गर्न अनुरोध गरेका थिए।

जवाफमा गुरागाईंले छेउमा रहेका एनसीसीका कार्यसमिति सदस्य शिव भुजेलको नाम लिए पनि के-के मुद्दामा कति समय बोल्न नदिएको हो स्पष्ट पारेनन्।

एनआरएनए आइसीसीका उपाध्यक्ष राज रेग्मीको पहलमा उनको निवासमा २ पटकसम्म केही सराकारवालाहरुसँग छलफल गरी परिषद् सदस्यता कार्डमा अध्यक्षको हस्ताक्षर नराखी संघको छाप मात्र राख्ने, आइसीसीसँग कुनै पनि एमओयु नगर्ने, पञ्जीकृत सदस्यता शुल्क नयाँ कार्यसमितिलाई हस्तान्तरण गर्ने र नयाँ कार्यसमितिले नै शुल्कका सम्बन्धमा निर्णय गर्ने, नयाँ नेतृत्व सर्वसम्मत रूपमा चयन गर्ने भनी लचकता अपनाइए पनि सहमति हुन नसकेको सम्मेलनमा जानकारी दिइएको थियो।

१८मे मा एनसीसीलाई बाइपास गरी आइसीसीमा सदस्यता प्रमाणित गर्ने अधिकार माग्नुको कारण के हो ? भनी राखिएको प्रश्नको जवाफ दिँदै गुरागाईंले आइसीसीको विधानमा उल्लेख भएको पञ्जीकृत सदस्यता शुल्क नबुझाउने भन्ने एनसीसीको निर्णय सही नभएको हुँदा २ जना राखिएको बताउँदै मुख्य गरी विश्वमा रहेका ९० देशले एमआइएस मानेको तर ५ देशले मात्र नमानेको र त्यसमध्ये कतारले एमआइएसमा नजाने भन्ने कुरा स्वीकार्य नहुने बताए।

उनले एमआइएसद्वारा पञ्जीकृत सदस्यता वितरण भइ रहेको र आइसीसीले तोकेको समयभित्र नेतृत्व चयन तथा अधिवेशन सम्पन्न गर्न ११औँ अधिवेशन आयोजक समिति निर्माण गरिएको बताए। कतारले निर्माण गरेको पोर्टलबाट निर्वाचन गरेमा २३-२५ कार्यकाल आइसीसीको रेकर्डमा नरहने दाबी गर्दै आफूहरूले गर्न लागेको अधिवेशनले त्यो इतिहास जोगाउने बताए।

आफ्ना धारणा राख्ने क्रममा एनआरएनए अभियन्ता करिम बक्स मियाले एनसीसी कतार चेन अफ कमान्डमा नचलेको जिकिर गरे।

एनसीसी कतारका निवर्तमान अध्यक्ष मोहम्मद मुक्त्दाले भने एनआरएनए आइसीसीका कतिपय मुद्दामा पत्रकारले नलेखेको भनि हलमा रहेका पत्रकारमाथि खनिएका थिए। उनको आरोपको पत्रकार महासंघ शाखा कतारका अध्यक्ष दिल कुमार श्रेष्ठले खण्डन गरेका थिए।

नेपाली महिला समाज कतारका अध्यक्ष माया केसी, नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठले कतारको नेपाली समाज अलमल र दुई धारमा बग्न लागेकोप्रति चिन्ता व्यक्त गर्दै सहमतिका साथ एक एनसीसी बनाएर अगाडि बढ्न आग्रह गरे। अधिवेशन संयोजक कार्कीको सभापतित्वमा सम्पन्न सम्मेलनमा उठेका प्रश्नको जवाफ दिँदै आफू समाज एक हुनुपर्ने र मिलेर अगाडि बढ्नुपर्छ भन्ने कुरामा अडिग रहेको बताए।

# कटान रोक्न वृक्षारोपण



**धर्मेन्द्रकुमार कुर्मी चौधरी/मध्यान्ह**
कपिलवस्तु, ३२ असार

कपिलवस्तुको विजयनगर गाउँपालिका-२ लोहरोलामा नेपाल एकीकत विकास परियोजना अन्तर्गत बृहत् वृक्षारोपण गरिएको छ।

सेचेन करुणाको आयोजना, करुणा सेचेनको सहयोग र विजयनगर गाउँपालिकाको समन्वयमा बुधबार इन्द्रेणी सामुदायिक वन उपभोक्ता समुहको क्षेत्र अन्तर्गत पर्ने चिरइ नदीको किनारमा बाँसका बिरुवाहरु रोपिएका हुन्।

सेचेन करुणाका जिल्ला प्रमुख हुमलाल अधिकारीले नदी किनारमा २ सय ५० वटा बाँसको बिरुवा रोपिएको बताए। यसले वर्षेनी आउने बाढीको असर कम गर्न र माटोको कटान रोक्न महत्वपूर्ण सहयोग पुग्ने बताउँदै नदी किनारको पर्यावरणीय सुरक्षा र हरियालीको वृद्धिमा मदत्त पुग्ने उनको भनाइ छ। यस्तै विजयनगरको विद्यालय परिसर, पोखरी, तालतलैयाहरुमा पनि विभिन्न प्रजातिका बिरुवाहरु लगाइएको उनले बताए।

यस्तै वडाध्यक्ष नेपाल चौधरीले वृक्षारोपण कार्यक्रम सराहनीय भएको बताउँदै रोपिएको बिरुवाको संरक्षणमा सबैले लाग्नुपर्नेमा जोड दिए। उनले पर्यावरण संरक्षणका लागि समुदाय स्तरमा यस्ता कार्यक्रमहरूको आयोजना अति आवश्यक भएको बताए। भविष्यमा पनि यस्ता पहलहरूको निरन्तरताले राष्ट्रिय अर्थतन्त्रको योगदानमा समेत टेवा पुग्ने उनको भनाइ छ।

यसैगरी थेमिटिक असिस्टेन्ट खाद्य सुरक्षा तथा आर्थिक विकासका संयोजक तिलकराम भुसालले जलवायु परिवर्तनको रोकथामको साथै जैविक विविधता संरक्षण र क्षय रोकथाममा सहयोग पुग्ने अपेक्षा गरिएको बताए।

वन संरक्षणको महत्व विभिन्न दृष्टिले अत्यन्त महत्वपूर्ण भएको बताउँदै कार्यक्रममा सहभागी भएका स्थानीय जनतालाई वन संरक्षणको महत्व र बाँसको उपयोगिता बारेसमेत जानकारी दिए।

यस्तै जनजागृति माध्यमिक विद्यालय लोहरौलाका प्रधानाध्यापक मिर्जा प्रसाद चौधरीले बोटबिरुवाको संरक्षण गर्न स्थानीय बासिन्दाहरु सकारात्मक र सक्रिय हुनुपर्ने बताए। बन संरक्षणले दीगो विकासको लागि आधारभूमि तयार पार्नमा पनि मद्दत पुग्ने बताउँदै बनहरूको संरक्षण र व्यवस्थापनमा स्थानीयले नै लाग्नुपर्नेमा उनले जोड दिए। वृक्षारोपण कार्यक्रममा स्थानीय, शिक्षक, प्रहरी, सञ्चारकर्मी, बाल क्लबका पदाधिकारी, सामुदायिक बनका पदाधिकारी, सेचेन करुणा कर्मचारी लगायत स्थानीयहरुको सहभागीता थियो।

# विजयाटारमा बन्यो झोलुङ्गे पुल



**पाँचथर/मस**- पाँचथरको फालेलुङ गाउँपालिका-५ र ७ लाई छुट्याएर बग्ने मुवा खोला बिजयाटार एकु दोभानमा झोलुङ्गे पुल निर्माण भएको छ।

पूर्वाधार विकास कार्यालय पाँचथर र स्थानीय उपभोक्ताको लागत साझेदारीमा १ सय १२ मिटर लामो पुल निर्माण गरिएको हो।

पूर्वाधार विकास कार्यालय पाँचथरको ४० लाख ६० हजार ६७, स्थानीय उपभोक्ताको १ लाख ४५ हजार ८ सय ५७ रुपैयाँ, २५ लाख ४४ हजार ८ सय रुपैयाँको जिन्सी र ५ लाख ४७ हजार १ सय ४९ रुपैयाँ बराबरको लट्ठासहितका सामग्री गरी कूल ७२ लाख ९२ हजार ८ सय ७६ रुपैंयाको लागतमा झुलुङ्गे पुल निर्माण भएको हो।

झोलुङ्गे पुलबाट फालेलुङ गाउँपालिका ५ को लुमाङदिन, टेङगाबुङ, बाँस्बोटेसहित वडा नम्बर ७ को एकु र बाँस्बोटे क्षेत्रका नागरिकलाई आवागमनमा सुविधा भएको फालेलुङ गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर ५ का अध्यक्ष भरतकुमार खपाङ्गीले जानकारी दिए।

# रसुवा र नुवाकोट पूर्णखोप सुनिश्चित जिल्ला घोषणा




**काठमाडौं/मस**-रसुवा र नुवाटोट पूर्णखोप सुनिश्चित जिल्ला घोषित भएको छ। बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झाले रसुवालाई पूर्ण खोप सुनिश्चित घोषणा गरेका हुन्।

रसुवाका पाँचवटै स्थानीय तह पूर्णखोप सुनिश्चितता भएपछि जिल्लालाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको हो। जिल्ला खोप समन्वय समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख अशोक घिमिरेले स्वास्थ्य अधिकार नागरिकको मौलिक अधिकार भएकाले यसको संरक्षण र प्रवर्द्धनका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।

१६ देखि २३ महिनासम्म उमेर समूहका १ हजार २ सय ६७ जना बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार आवश्यक सबै खोप १५ महिनाको उमेरभित्र लगाएको प्रमाणित भएपछि जिल्लाले पूर्णखोप सुनिश्चितता तथा दिगोपनाको मापदण्ड पूरा गरेको हो।

यस्तै नुवाकोटको विदुरमा आयोजित विशेष कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजिन्द्र विक्रम सिंह ठकुरीले १२ वटा स्थानीय तह रहेको नुवाकोटलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना प्राप्त जिल्ला घोषणा गरेका हुन्।

उनले स्वास्थ्य अधिकार नागरिकको मौलिक अधिकार भएकाले यसको संरक्षण र प्रवर्द्धनका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताए। १६ देखि २३ महिनासम्म उमेर समूहका बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार आवश्यक सबै खोप १५ महिनाको उमेरभित्र लगाएको प्रमाणित भएपछि नुवाकोटले पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको मापदण्ड पूरा गरेको हो। यसअघि जिल्लाका सबै १२ वटा स्थानीय तहहरूलाई पूर्ण खोप सुनिश्चित घोषणा गरिसकिएको थियो। नुवाकोटका १२ वटै स्थानीय तहका ८८ वडामा १६ देखि २३ महिनासम्मका कूल ४ हजार ५७७ जना बालबालिकाले पूर्ण खोप लगाएका छन्।


## सूचना! सूचना!! सूचना !!!

प्रकाशित मितिः २०८२/०४/०१

यस उद्योगले उत्पादन गरेको WPC Board School Furniture आ.व.८२/८३ को असार मसान्त सम्मको लागि अधिकतम मुल्य तपशिल बमोजिम गरिएको व्यहोरा जानकारी गराईन्छ।

| विवरण | प्रति पिस मुल्य (रुपैयाँ) | कैफियत |
|---|---|---|
| **WPC Board School Furniture** PVC Termite and Water proof select board with wooden UV coated MS Pipe with enamel finishing. | 4 Seater =22995<br>3 Seater =21995 | मु.अ.कर सहित |

वन्डर मेटरियल्स प्रा.लि.
खनार इटहरी-१३



## जापानमा रोजगार

कम्पनी : FUJI KORYU SERVICE KYODO KUMIAI
शहर : TOKYO
पूर्व स्वीकृत मितिः २०८२/०३/३२
चलानी नं.: ६०२४१०७७
Lt. No.:327229

| सि.न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Costomer Service | 3 | 0 | 171254 | १,५९,२६६ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : रु. ५०,००० कामदारले
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ। जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ। साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ साउन ८ गते (24 July 2025) मा हुनेछ।**

Easy Overseas
Gov Lic No. : 1261/074/75
EASY OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Tel.:01-4016539

मौद्रिक नीतिको प्रभाव

# अधिकांश वाणिज्य बैंकले घटाए मुद्दतीतर्फको ब्याजदर



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ असार ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष ०८२/८३ का लागि ल्याएको मौद्रिक नीतिले नीतिगत दर बैंक दरमा कटौती गरेसँगै वाणिज्य बैंकहरूले पनि मुद्दतीतर्फको ब्याजदरमा कटौती गरेका छन् । अधिकांश वाणिज्य बैंकहरूले साउन महिनाका लागि व्यक्तिगत मुद्दतीतर्फ ब्याजदर घटाएका हुन् ।

सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंक मध्ये साउन महिनाका लागि १४ वटा वाणिज्य बैंकले व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर घटाएका छन् भने दुई वटा वाणिज्य बैंकले बढाएका छन् । तर, चारवटा बैंकको ब्याजदर भने असारको तुलनामा यथावत रहेको छ ।

त्यस्तै, संस्थागत मुद्दतीतर्फ साउन महिनामा ११ वटा वाणिज्य बैंकले ब्याजदर घटाएका छन् भने आठ वटा वाणिज्य बैंकले यथावत राखेका छन् । एउटा वाणिज्य बैंकले भने संस्थागत मुद्दतीतर्फको ब्याजदर बढाएको छ । मुद्दतीतर्फको ब्याजदर घटेसँगै साउन महिनामा वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दतीतर्फ ५.६९७५ प्रतिशत र संस्थागत मुद्दतीतर्फ ४.११३ प्रतिशत औसत ब्याजदर कायम हुने भएको छ ।

वाणिज्य बैंकहरूमध्ये साउन महिनामा व्यक्तिगत मुद्दतीतर्फ सबैभन्दा धेरै अर्थात् ६.२६ प्रतिशत ब्याजदर स्टान्डर्ड चार्टर्ड बैंकले दिने भएको छ । त्यस्तै, व्यक्तिगत मुद्दतीतर्फ सबैभन्दा कम ब्याजदर प्रभु बैंकले जम्मा ४.२५ प्रतिशत दिने भएको छ । साउन महिनाका लागि प्रभु बैंकले सर्वाधिक १.८५ प्रतिशत विन्दुले ब्याजदर घटाएको हो ।

बैंक, ग्लोबल आइएमई बैंक, सिद्धार्थ बैंक र एनएमबि बैंकले व्यक्तिगत र संस्थागत मुद्दतीमा अधिकतम ब्याजदरमा कुनै परिवर्तन गरेका छैनन् । साउन महिनाका लागि मुद्दतीतर्फ सबैभन्दा धेरै ब्याजदर बढाउने बैंक भने हिमालयन बैंक रहेको छ । सो बैंकले व्यक्तिगत मुद्दति निक्षेपको अधितकम ब्याजदर ५.५ प्रतिशतबाट बढाएर ६ प्रतिशत पुऱ्याएको छ भने संस्थागत मुद्दतीतर्फको ब्याजदर ४ प्रतिशतबाट ५ प्रतिशत पुऱ्याएको छ ।

# मौद्रिक नीतिको कार्यान्वयन सुरु



**काठमाडौं/मस** – नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष ०८२/८३ का लागि ल्याएको मौद्रिक नीति कार्यान्वयन गर्नेगरी बैंक तथा वित्तीय संस्थाहरूलाई एकीकृत निर्देशन जारी गरेको छ । राष्ट्र बैंकले बुधबार एकीकृत निर्देशन जारी गर्दै मौद्रिक नीतिमा गरिएका व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको हो ।

कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरूबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा २५ करोड कायम गरिएको छ । रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ। तर, निजी आवासीय घर कर्जा र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरू/परियोजनाहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

२०८० कात्तिकको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम लगायतका क्षेत्रमा संचालनमा रहेका व्यवसायहरूमा प्रवाहित कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका सर्वसाधारणले लिएको आवासीय घर कर्जा लगायत प्रयोजन खुलेका व्यक्तिगत कर्जालाई ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तिमा १० प्रतिशत रकम असुलउपर गरी देहायका शर्तहरूको अधीनमा रही कर्जाको पुर्नतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने व्यवस्था गरेको छ। यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नु पर्ने व्यवस्था राष्ट्र बैंकले गरेको । यसरी पुर्नतालिकीकरण र/वा पुनरसंरचना गर्दाको समयमा कर्जाहरूलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ ।

पहिलो पटक घर खरिद वा निर्माण गर्ने व्यक्तिलाई देहायको शर्तहरुको अधीनमा रही प्रदान गरिने तीन करोडसम्मको आवासीय घर कर्जामा बढीमा ८० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था गरेको छ । व्यक्तिगत आवासीय घर कर्जा सीमा गणना गर्दा तीन करोड वा सो भन्दा कमको व्यक्तिगत आवासीय घर कर्जालाई समावेश गर्नु नपर्ने व्यवस्था गरेको छ ।

बैंक तथा वित्तीय संस्थाले एकीकृत वित्तीय प्रतिवेदन लगायत प्रमुख वित्तीय परिसूचकहरूको अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) यस प्रयोजनका लागि तोकिएको ढाँचामा हरेक त्रयमासको महिना व्यतित भएको मितिले १५ दिनभित्र कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रूपमा प्रकाशित गर्नुपर्ने हुन्छ । साथै, प्रकाशित सूचनाको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ । यसरी विस्तृत अन्तरिम वित्तीय प्रतिवेदन वेबसाइटमा राखिएको व्यहोरा पत्रिकामा प्रकाशन गरिने प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ । तर, चौथो त्रयमासको अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति तीन लाखसम्म तथा महिलाहरुको हकमा पाँच लाखसम्मको कर्जा कायम गरिएको छ । राष्ट्र बैंकले यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ६.० प्रतिशत, ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर ६.० प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दर २.७५ प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपो दरलाई ४.५ प्रतिशत कायम गरिएको व्यवस्था गरेको छ ।

## कर्पोरेट

## एनआईसी एशियाका ग्राहकलाई नगरकोट सामुदायिक होमस्टेमा छुट



**काठमाडौं/मस** – एनआईसी एशिया बैंकका ग्राहक र कर्मचारीहरूले नगरकोट सामुदायिक होमस्टेमा १० प्रतिशत छुट पाउने भएका छन् । बैंक र होमस्टेबीच समझदारी भएसँगै बैंकका कर्मचारी तथा ग्राहकहरूले सो सुविधा पाउने भएका हुन् ।

सम्झौतासँगै अब एनआईसी एशिया बैंकका ग्राहक र कर्मचारीहरूले १७ घरपरिवारद्वारा सञ्चालित नगरकोट सामुदायिक होमस्टेमा डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट पाउने जनाइएको छ । चाँगुनारायण, भक्तपुरमा अवस्थित नगरकोट सामुदायिक होमस्टेको सेवा लिई ग्राहकहरूले यस बैंकको मोबाइल बैंकिङ सेवामार्फत् भुक्तानी गर्दा उक्त छुट सुविधा उपभोग गर्न सकिने छ ।

वित्तीय समावेशीकरण तथा डिजिटल सशक्तीकरणमा डिजिटल भुक्तानीलाई प्रवर्द्धन गरिरहेको यस बैंक र नगरकोट सामुदायिक होमस्टेबीचको यस साझेदारीले ग्राहकहरूलाई सरल, सहज, सुरक्षित डिजिटल भुक्तानी सुविधा उपलब्ध हुनुको साथै दिगो ग्रामीण पर्यटन विकासमा टेवा पुग्ने बैंकको विश्वास छ ।

## सिटिजन्स बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सातै प्रदेशमा वित्तीइ साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । आम सर्वसाधारणलाई वित्तीय सचेतना जगाउने उद्देश्यका साथ चालु आर्थिक वर्ष २०८१/८२ मा ७ वाटै प्रदेशमा रहेका आफ्ना विभिन्न १४८ शाखा कार्यालयहरूबाट वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको हो ।

विभिन्न उमेर समूहका व्यक्तिहरू, महिला, विद्यार्थी, कृषक, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू र अन्य समूहका गरी विभिन्न वर्गलाई वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरूको आयोजना गरी करिब १०औं हजार लक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गर्ने कार्य गरेको बैंकले जनाएको छ । कार्यक्रममा उपस्थित सम्पूर्णमा वित्तीय साक्षरताको आवश्यकता र महत्वको बारेमा विस्तृत प्रकाश पारिएको छ ।

कार्यक्रममार्फत् वित्तीय साक्षरताको अवस्था र डिजिटल बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमको बारेमा समेत जानकारी गराइएको थियो । यसबाट बैंकिङ प्रणाली मजबुत हुने र सर्वसाधारणमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ ।

## नेपाल लाइफद्वारा १० अर्ब प्रथम बीमा शुल्कको रेकर्ड




**काठमाडौं/मस** – जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले स्थापनाको २५औं वर्षमा आइपुग्दै गर्दा १० अर्ब रुपैयाँ प्रथम बिमा शुल्क आर्जनको रेकर्ड कायम गरेको छ । यो नेपालको जीवन बीमा उद्योगमा ऐतिहासिक रेकर्ड हो ।

कम्पनीले रेकर्ड कायम गरेको सो अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले सबै सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गरेका छन् । नेपाल लाइफले हासिल गरेको यो ऐतिहासिक उपलब्धिले बीमा बजारलाई दिशानिर्देश समेत प्रदान गरेको कम्पनीको भनाइ छ ।

## मन्जुश्री फाइनान्सद्वारा मेरो पहिलो बचत खाता सार्वजनिक

**काठमाडौं/मस** – मन्जुश्री फाइनान्स लिमिटेडले मेरो पहिलो बचत खाता नामक बचत खाता सार्वजनिक गरेको छ । वित्तीय पहुँच भन्दा बाहिर रहेका ग्राहकहरूका लागि विशेष लक्षित फाइनानसले सो खाता ल्याएको हो ।

यो बचत खातामा एक सय रुपैयाँ संस्थाले आफ्नो तर्फबाट जम्मा गरिदिने जनाइएको छ । वित्तीय पहुँचमा योगदान पुऱ्याउने उद्देश्यले फाइनान्सले सो खाता ल्याएको हो ।

## जुम्लामा पहिलो पटक ईभी पुऱ्याउँदै दिगो

**काठमाडौं/मस** – नेपालको विद्युतीय सवारीसाधन (ईभी) यात्रामा नयाँ इतिहास बनाउँदै दिगोले पहिलो पटक जुम्लामा ९ वटा डिएफएसके डाँफे विद्युतीय भ्यानहरू पुऱ्याएको छ ।

डिएफएसके डाँफे विद्युतीय भ्यानहरू जुम्लाका छोटो दुरीका सार्वजनिक रुटहरूमा सञ्चालन गरिने जनाएको छ । जसले यात्रुहरूलाई स्वच्छ, शान्त र किफायती यात्राको सुविधा प्रदान गर्नेछ ।

यसले इन्धनमा निर्भरता घटाउने र स्थानीय वायु प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । चार्जिङ सुविधा विश्वसनीय र सहज बनाउन दिगोले गाडी सँगै ८० किलोवाट क्षमताको फास्ट चार्जर समेत जुम्लामा जडान गर्दैछ ।

जुम्ला जस्तो दुर्गम क्षेत्रमा विद्युतीय भ्यान पुऱ्याउनु गर्वको कुरा भएको दिगो ग्रुप अफ् कम्पनीका प्रमुख कार्यकारी अधिकृत सौरभ श्रेष्ठले बताए ।


# लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

**बिज्ञापन कर सङ्कलन ठेक्काको सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८२/०४/०१**

यस कार्यालयद्वारा आगामी आ.व. २०८२/०८३ को लागि लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३८ बमोजिम तपसिलमा उल्लिखित कर संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा हार्ड कपी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

१. सिलबन्दी दरभाउपत्र दस्तुर रु १,०००।०० को भौचर लेटाङ नगरपालिकाको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग १.१) आन्तरिक राजस्व खाता नं २४५०१००३०१०१०००२, राजस्व शीर्षक नं १४२४९ मा (पछि फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा बोलपत्र जमानत बापत आफूले कबूल गरेको मु.अ. कर सहितको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग३) धरौटी खाता नं. २४५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा "क" वर्गको वैंकवाट जारी भएको २०८२ असोज २९ गते सम्म म्याद भएको वोलपत्र जमानत संलग्न गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा सिलबन्दी दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लिखित कार्यहरू गरिनेछ ।
४. यस कार्यका लागि Pre bid Meeting मिति २०८२.०४.०६ गते दिनको १ बजे यसकार्यालयमा बस्नेछ ।
५. रितपूर्वक दाखिला भएको सिलबन्दी दरभाउपत्र देहायअनुसारको मिति र समयमा यस कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. सिलबन्दी दरभाउपत्र पेश गर्न व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को लागि नविकरण भएको, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
७. आफूले कबोल गरेको रकम एकमुस्ट बुझाई सम्झौता गर्न आएमा अधिकतम १० प्रतिशतसम्म छुट दिन सकिनेछ । तर मु.अ.करमा छुट हुने छैन ।
८. किस्तामा बुझाउन चाहेमा प्रथम किस्ता बापत ६० प्रतिशत रकम बुझाउनु पर्ने र दोस्रो किस्ता २० प्रतिशत पौष मसान्तसम्म र अन्तिम किस्ता २० प्रतिशत वैशाख मसान्तसम्म बुझाउनु पर्नेछ तर त्यसरी किस्तामा सम्झौता गर्दा वुझाउन बाँकी रकम बराबरको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।
९. अन्य कुरा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
१०. थप जानकारीका लागि सम्पर्क नम्बरः ९८५२०६९१११ र E-mail : bishnuprasasubedi1975@gmail.com

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम कबोल अङ्क (मु.अ.कर सहित) | सिलबन्दि दरभाउपत्र दस्तुर | धरौटी रकम | दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | LM/MOR/SQ/REV/2081/082/05 | लेटाङ नगरपालिका क्षेत्रभित्र विज्ञापनकर सङ्कलन ठेक्का | १ वर्ष | ३,७२,९००।०० | १,०००।०० | कबोल अङ्क मु.अ.कर सहितको ५ प्रतिशत | २०८२/०४/१६ दिनको १२:०० बजे सम्म (हार्ड कपी) | २०८०/०४/१६ दिनको १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**